**सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.**

जगाती-७, भक्तपुर, फोन नं.०१-६६११२००

**नि:शुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना**

यस सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.को स्वास्थ्य उपसमिति र महिला उपसमितिको संयुक्त आयोजनामा हुन गइरहेको स्वास्थ्य शिविरमा उपस्थित भई स्वास्थ्य लाभ लिनुहुन सबै महानुभावहरूमा जानकारी गर्दछौं।

**मिति** : २०८२/१२/२१ गते, शनिबार

**समय**: बिहान ७ बजेदेखि ११ बजेसम्म

**स्थान** : वाइजल्यान्ड स्कूल वासिकचा, भक्तपुर

**उपलब्ध सेवाहरू**:

१: मधुमेह जाँच

२: दन्त जाँच

३: थाइराइड जाँचको मात्र रू. ५५०।- दस्तुर लाग्नेछ।



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : ६३ ★ ने. सं. ११४६ चौला थ्व, नवमी ★ शुक्रबार ★ १३ चैत, २०८२ ★ March 27, 2026, Friday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# नेमकिपाले सडक सङ्घर्ष र निर्वाचित संस्थामार्फत देश र जनताको नि:स्वार्थ सेवा गर्दै




भक्तपुर, १२ चैत। गणेश माध्यमिक विद्यालय भार्वाचोको आयोजनामा नेपाल मजदुर किसान पार्टीका पूर्वसल्लाहकार किसान नेता, भक्तपुर नपाका पूर्वप्रधानपञ्च, पूर्ववडाध्यक्ष एवम् समाजसेवी ज्ञानबहादुर न्याइच्याईंको १५ औं स्मृतिसभा बिहीबार सम्पन्न भयो।

उक्त सभामा पार्टीका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र विचारअनुसार नि:स्वार्थपूर्वक टोल, समाज र देशको सेवामा लाग्नु नै पार्टीका अग्रज व्यक्तित्व ज्ञानबहादुर न्याइच्याईप्रति कदर एवम् उहाँप्रति हाम्रो सम्झना हुने बताउनुभयो।

सचिव सुवालले भन्नुभयो, "उहाँका राम्रा कामहरूबारे नयाँ पुस्तासम्म पुऱ्याउन यो स्मृतिसभा महत्त्वपूर्ण हुनेछ।"

नेमकिपाले सडक सङ्घर्ष र निर्वाचित संस्थामार्फत देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको सचिव सुवालले उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "चुनावमा धेरै स्थान लिएर सरकारमा गएका दलहरूले देश र जनताको नि:स्वार्थ सेवा नगरेको हुँदा जनतालाई दु:ख भएको हो।"

सचिव सुवालले भन्नुभयो, "दुईतिहाइको सरकार २०१५ र २०७४ सालमा पनि गठन भएको थियो। तर, ती सरकारबाट जनताको सेवा भएन। अब बन्ने झन्डै दुईतिहाइको सरकारबाट पनि देश र जनताको सेवा हुने अपेक्षा गर्ने अवस्था छैन। निर्वाचन अगाडि नै भदौ २३ र २४ गतेको घटनासम्बन्धी छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गरी फौजदारी आरोपीहरूलाई उम्मेदवारी हुन नपाउने व्यवस्था गर्नुपर्ने थियो। भारतको संसद्मा ५३ प्रतिशत सांसदहरू फौजदारी अपराधको आरोपी भएको सार्वजनिक भएको थियो। नेपालमा पनि यही अवस्थाको खतरा बढ्यो। गर्मी सुरूसँगै लामखुट्टेबाट बच्न सफाइ र झुल राख्नुपरेजस्तै साम्राज्यवाद र विस्तारवादको कठपुतली सरकारविरूद्ध नेपाली जनता सङ्घर्षको तयारीमा लाग्नुपर्ने हुन्छ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं नेक्रामसङ्घ जिल्ला समितिका अध्यक्ष सृजना सैँजुले व्यक्तिगत स्वार्थलाई ज्ञानबहादुर न्याइच्याईले कहिल्यै प्राथमिकता नदिएको उल्लेख गर्दै समाज र देशप्रतिको भावना उहाँबाट नयाँ पुस्ताले ग्रहण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले भन्नुभयो, "देश विचार र सिद्धान्तले अगाडि बढेको हुन्छ। आज संरा अमेरिकाको कारण इजरायल र इरानबिच युद्ध भएकोले हाम्रो भान्सामा समेत प्रभाव परिसकेको छ।"

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले ज्ञानबहादुर न्याइच्याईको समीपमा रहेर सङ्घर्षमा जाँदाको अनुभव व्यक्त गर्दै नेमकिपाले पञ्चायती व्यवस्थाको अन्त्य मात्र नगरी समाज परिवर्तनको निम्ति समाजवादी व्यवस्था ल्याउन सङ्घर्ष गरिरहेको बताउनुभयो।

ज्ञानबहादुर दाइले मोही किसानहरूको मोहियानी हक प्राप्त गर्न सङ्घर्षको नेतृत्व गर्नुभएको पनि उहाँले बताउनुभयो।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् समाजसेवी कृष्णबहादुर दुगुजुले ज्ञानबहादुर न्याइच्याईले नगर पिता भएर गरिब, किसान र निम्नवर्गको उत्थानको निम्ति शिक्षा, स्वास्थ्यमा जोड दिनुभएको बताउनुभयो।

ज्ञानबहादुर दाइले वडामा विद्यालय स्थापनाअघि प्रौढ कक्षा, साक्षरता कक्षा स्थापना गर्नुभएको थियो, उहाँले भन्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा सम्पन्न स्मृति सभामा विद्यालयका प्रअ गणेशराम थुसा र सहायक प्रअले ज्ञानबहादुर न्याइच्याईको योगदान र जीवनीबारे चर्चा गर्नुभएको थियो।

कार्यक्रममा विद्यालयमा अध्ययनरत १२ जना विभिन्न कक्षाका विद्यार्थीलाई ज्ञानबहादुर न्याइच्याई स्मृतिकोषको तर्फबाट छात्रवृत्ति प्रदान गरिएको थियो।

**ज्ञानबहादुर न्याइच्याईंबारे हिमालयश्वरलाल मूल भन्नुहुन्छ-**

उहाँ जनताको विश्वविद्यालयबाट खारिएका एक जनताको सच्चा देशभक्त, साधारण किसान परिवारबाट हुर्केका किसान कार्यकर्ता हुनुहुन्थ्यो। बहुमत किसानहरूको बसोबास भएको भक्तपुर नगरमा तत्कालीन पञ्चायती व्यवस्थाको बेला प्रधानपञ्च र वडा सदस्य भएर जनताको नि:स्वार्थ सेवा गर्न सफल व्यक्ति हुनुहुन्थ्यो; आँखामा राखे पनि नबिझाउने, सबैले मनपराउने व्यक्ति हुनुहुन्थ्यो। उहाँलाई खासै विरोध गर्ने र मन नपराउने व्यक्ति मैले पाइनँ।

जनताको घरायसी समस्या समाधान गर्न उहाँ खटिनु हुन्थ्यो। उहाँको चित्त बुझ्दो जवाफ पाउँदा सबै खुसी हुन्थे। कति राजनैतिक व्यक्तिहरू पूर्वाग्रही हुन्छन् भन्छन् तर उहाँमा त्यस्तो भावना देखिँदैन। नगर प्रमुख भएको बेला उहाँ मुद्दा मामिलामा मिलापत्र गर्न सहयोग गर्नुहुन्थ्यो।

दु:ख कष्टबाट हुर्केका उहाँ पहिले डकर्मी काम गर्नुहुन्थ्यो। कुनै पनि विषयमा सिफारिस गर्दा राम्रो सम्झाइबुझाइ गरेर मात्र गर्नुहुन्थ्यो। जनताको सुख दु:खमा टोल, चोटा, बैठक र भेलामा उहाँ ठीक समयमा उपस्थित हुनुहुन्थ्यो। कुनै पनि काममा झन्झट मान्नु हुन्न। कहिलेकाहीँ कुरा एउटा काम अर्कै गर्ने व्यक्तिलाई उहाँ मिठो भाषामा भन्नुहुन्थ्यो, "मनभित्रको कुरा भन्नुपऱ्यो।" आन्दोलनबाट उठेका किसान कार्यकर्ता भएको कारणले उहाँ जनतालाई जनविरोधीहरूले कसरी मूर्ख बनाउँछन् र झूटलाई सही साबित गर्न कस्तो जालझेल, जाली काम गर्छन् भन्ने कुरा 'मन छुने गरी कथा सुनाएर' सम्झाउने गर्नुहुन्थ्यो। त्यसकारण, उहाँको भाषण सुन्न जनता धेरै मनपराउने गर्छन्।

नगर प्रमुख भएर काम गर्दा उहाँ टोल, गल्ली चोकमा जनताको समस्या बुझेर हरेक कार्यमा लागिपर्नुहुन्थ्यो।

# चीन बहुपक्षवादमा दृढ रहन्छ

पेइचिङ, ११ चैत (सीआरआई)। चिनियाँ परराष्ट्रमन्त्री वाङ यीले मार्च २६ मा पेइचिङमा अन्तर्राष्ट्रिय परमाणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफाएल मारियानो ग्रोसीसँग भेटवार्ता गर्नुभएको छ।

सो अवसरमा परराष्ट्रमन्त्री वाङ यीले वर्तमान अन्तर्राष्ट्रिय व्यवस्थाबारे चर्चा गर्दै भन्नुभयो, "हालको अन्तर्राष्ट्रिय परिपाटी परीक्षाको सामना गर्दै छ, विश्व 'मत्स्यन्याय' तिर फर्कने जोखिममा छ; मध्यपूर्वको युद्ध फैलिरहँदा, परमाणविक प्रबन्धहरूमा आक्रमण हुनबाट रोक्नुपर्छ र तुरुन्त युद्ध रोक्नुपर्छ। चीन बहुपक्षवादमा दृढ रहन्छ र परमाणविक अप्रसार प्रणालीको संरक्षण गर्न एजेन्सीसँग सहकार्य गर्न चीन इच्छुक छ।"

महानिर्देशक राफाएल मारियानो ग्रोसीले चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले प्रस्तुत गर्नुभएको ग्लोबल पहल कदमको प्रशंसा गर्नुभएको छ। उहाँले आफ्नो एजेन्सीले एक चीन भन्ने नीति पालन गर्दै, चीनसँग सहकार्य बढाएर विश्व शान्ति तथा स्थिरताको सँगै संरक्षण गर्न इच्छुक रहेको बताउनुभयो।

हाल अमेरिकाले युद्ध अन्त्य गर्न इरानसँग वार्ता गर्ने विषयमा पटक-पटक अभिव्यक्ति दिइरहेको छ, तर इरानले भने आफू र अमेरिकाबिच न त वार्ता भइरहेको छ न त कुनै संवाद नै भएको बताएको छ। यसबारे मार्च २६ मा चीनको परराष्ट्र मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता लिन च्यानले चीनले धेरैपटक जोड दिइसकेको छ कि युद्ध लम्बिनु कुनै पनि पक्षको हितमा छैन। यो युद्ध थप लम्बिने हो भने यसले थप क्षति र निरर्थक नोक्सानी मात्र निम्त्याउँदैन, बरु परिस्थिति थप फैलिने जोखिम पनि सिर्जना गरेको छ। उहाँले


**बाँकी पृष्ठ ८ मा**


# आमूल परिवर्तनको निम्ति पार्टीहरूको जिम्मेवारी

साह्रै कम समयमा समाजको आमूल परिवर्तन गर्ने क्रान्ति सन् १९१७ को बोल्सेभिक क्रान्ति हो। क्रान्तिको निम्ति रूसको बोल्सेभिक पार्टीको सङ्गठन र कार्यशैलीबाट सिक्नु महत्त्वपूर्ण हुन्छ। ती हुन् -

"नेतृत्वदायी पार्टी कार्यकर्ताहरूको एक गुप्त समूह आवश्यक छ। कार्यकर्ताहरू पेशेवर हुन्छन्; उनीहरू अन्य पेसामा लागेका हुँदैनन्। तिनीहरूसँग निम्नतम सैद्धान्तिक ज्ञान, राजनैतिक अनुभव, सङ्गठनात्मक व्यवहार तथा सरकारका प्रशासन अर्थात् प्रहरीसँग वा शत्रुसँग सङ्घर्ष गर्ने बल हुन्छ। शत्रुलाई छल्न र छकाउन जानेका हुन्छन् कार्यकर्ताहरूले।"

"स्थानीय पार्टी सङ्गठनको ठुलो सञ्जाल (सङ्गठनहरू) र पार्टी सदस्यहरूको ठुलो सङ्ख्याले समर्थन गरेको र सयौँ हजारौँ कामदार जनताको समर्थन भएको हुन्छ।"

इतिहासको निर्माणबारे पनि फरक दृष्टिकोण थियो - "वीरहरूले इतिहास बनाउने होइन, इतिहासले वीरहरू बनाउँछ; परिणाममा वीरहरूले जनता बनाउने होइन, बरु जनताले वीरहरू निर्माण गर्छन् र इतिहासलाई अगाडि बढाउँछन्।" सारमा, क्रान्तिकारी जनताले नै क्रान्तिकारी वीरहरू जन्माउँछन् र क्रान्तिलाई लक्ष्यसम्म पुऱ्याउँछन्।

"वीरहरू वा ठुल्ठुला मानिसले जीवनको एक महत्त्वपूर्ण समयमा समाजको विकास र परिवर्तनको निम्ति राम्रोसँग बुझेर सही ढङ्गले काम गरेका हुन्छन्। तर, तिनीहरूले समाजको विकासको परिस्थितिलाई राम्रोसँग बुझ्न नसके वा बुझ्न असफल भएमा तिनीहरू वा ठुलाबडा व्यक्तिहरू असफल भई हास्यास्पद हुनेछन्। तिनीहरू समाजको ऐतिहासिक आवश्यकताको विरोधमा, आफूलाई इतिहासका निर्माता भनी अहङ्कारी भई विश्वास गरे कामै नलाग्ने गरी असफल र हास्यास्पद साबित हुनेछन्।" संसारमा सेनाको बलबाट उथल-पुथल ल्याएका नेपोलियन, मुसोलिनी, हिटलर आदि यसका उदाहरण हुन्। ट्रम्प र अन्य अमेरिकी नेताहरू त्यही बाटोमा छन्।

"शान्तिपूर्ण ढङ्गले पुँजीपतिहरूको सम्पत्तिलाई जनताको सम्पत्तिमा फेर्न र पुँजीको शक्तिमाथि विजय पाउन असम्भव हुन्छ। कामदारवर्गले सर्वहारावर्गको हुकुम कायम गरेर शोषकहरूको अस्तित्वलाई ध्वस्त पारेर मात्र एक नयाँ वर्गविहीन साम्यवादी समाज स्थापना गर्नसक्नेछ।"

बोल्सेभिकहरूको सम्पत्तिसम्बन्धी दृष्टिकोण यस्तो थियो -

शोषकहरूको अस्तित्व समाप्त पार्नु भनेको भौतिकरूपले तिनीहरूमाथि आक्रमण गर्नु वा व्यक्तिहत्या गर्नु होइन बरु तिनीहरूले आफ्नो नाममा पारेका सार्वजनिक जग्गा जमिन, धार्मिक संस्था, सत्तल, पाटी-पौवा, भूमि आदिलाई समाज, सरकार वा देशकै सम्पत्ति बनाउनु हो। अनिमात्र, ती शोषकहरूको अस्तित्व समाप्त हुनेछ। जमिनदारहरू अरू जनताजस्तै एक नागरिकको रूपमा रहनेछन्; ठेकेदार रहने छैनन्; ठुल्ठुला पुँजीपतिवर्ग, कारखानाका मालिक नभई व्यवस्थापक रहनेछन् र आफ्नो कर्तव्य पूरा गर्नेछन्; त्यसैमा उनीहरूको इज्जत रहनेछ। घर-जग्गा कारोबारी, तस्कर, वन विनाश गर्ने सबै यस्तै स्तरमा आउनेछन्। देश र जनताको विरोधमा गएमा तिनीहरू जनताबाटै तिरष्कृत हुनेछन्।

जालसाजी नगरी आफ्नै मेहनतले कमाएको सम्पत्ति व्यक्तिकै हुन्छ। उसले आफ्नो योगदानको रूपमा समाजलाई सहयोग गरेमा जनताले स्वीकार गर्नेछन्। डाक्टर, इन्जिनियर, वैज्ञानिक, वकिल, लेखक, कवि, कलाकार, बुद्धिजीवी समाजकै अङ्ग हुनेछन्; जनताका आँखाका नानी हुनेछन्।

पुँजीवादी राजनैतिक दलहरूको नाम प्रजातान्त्रिक, समाजवादी वा साम्यवादी जे भए पनि तिनीहरूको सिद्धान्त, आदर्श, नीति र व्यवहार पुँजीपतिवर्गकै हितमा हुनेछ। संविधान र ऐन-कानुन पनि तिनीहरूकै हितमा बन्नेछन् र तिनीहरूकै हितमा बनेका संविधान र ऐन-कानुनअनुसार न्यायपालिका वा अदालतहरूले ती शोषकवर्गकै हितमा निर्णय गर्नेछन्।

यसरी पुँजीवादी व्यवस्थामा पुँजीवादी राजनैतिक दलहरूकै प्रतिनिधिहरू नै विधानपालिका वा संसद्मा पुग्छन् र शासन गर्ने कार्यपालिका वा मन्त्रिमण्डलले प्रधानमन्त्रीको नेतृत्वमा पुँजीपतिवर्ग अर्थात् शोषकवर्ग, कालाबजारिया,


**बाँकी पृष्ठ २ मा**


**व्यङ्ग्यचित्रको कुनो**





**खेत जोत्दै किसान**

महोत्तरी जिल्लाको ओरही नगरपालिका-५ श्रीपुर गाउँमा हलोले खेत जोत्दै किसान । *तस्बिर : सञ्जीतकुमार मण्डल/रासस*

# गुडिरहेको एम्बुलेन्सभित्रै चिकित्सकले उपचार गरेपछि...

**- नविन रिजाल**

दैलेख, १२ चैत । दुर्गम भेगका सरकारी अस्पतालमा चिकित्सक नै जान नमान्ने र गएपनि राम्रो उपचार सेवा प्रदान नगर्ने गुनासो पटकपटक सुनिँदै आएको हो । तर यहाँस्थित दैलेख अस्पतालका एक चिकित्सकले भने विशेष सक्रियता देखाउँदा धारिलो हतियार प्रहारबाट गम्भीर घाइते हुनुभएका आठबीस नगरपालिका-७ गैराखेतका एक युवकको ज्यान जोगिएको छ ।

अस्पतालका इन्चार्ज डा. मनोज विश्वकर्माको टोलीले सदरमुकामदेखि ११० किलोमिटर टाढाको सो स्थानमा पुगेर गुडिरहेको एम्बुलेन्सभित्रै आपत्कालीन उपचार गरेको हो । २७ वर्षीय जीवन चन्दलाई बुधबार राति ३१ वर्षीय जिराबहादुर चन्दले धारिलो हतियार प्रहार गरी नाडी नै छिनाल्ने प्रयास गरेका थिए ।

मदिरा सेवन गरी भएको सामान्य विवाद र पुरानो रिसइबीका कारण सो घटना घटेको प्रारम्भिक अनुमान गरिएको छ । घटनास्थल सदरमुकामदेखि टाढा र सञ्चार सम्पर्कविहीन क्षेत्रमा रहेकाले घाइतेलाई समयमै अस्पताल पुऱ्याउन चुनौतीपूर्ण थियो ।

घाइतेको अवस्था नाजुक रहेको र अत्यधिक रक्तस्राव भइरहेको जानकारी पाउनासाथ डा. विश्वकर्माको टोली बिरामी कुरेर बस्नुको साटो आफैँ औषधि र उपकरणसहित घटनास्थलतर्फ लागेका थिए । डा. विश्वकर्माको टोलीले सात्तलाको पुलबजारमा एम्बुलेन्स भेटेपछि सो एम्बुलेन्समा चढी गुडिरहेकै



अवस्थामा प्राथमिक शल्यक्रियात्मक उपचार गरी रक्तस्राव रोक्न सफल भएको थियो ।

"घाइते बोल्न सक्ने अवस्थामा थिएनन्, गम्भीर चोटले गर्दा रगत धेरै बगिसकेको थियो । यदि हामी बाटोमै नपुगेको भए रक्तअल्पताका कारण बाटोमै बिरामीको ज्यान जान सक्ने जोखिम थियो," डा. विश्वकर्माले भन्नुभयो । चिकित्सकको यो कदमले घाइतेको अवस्था स्थिर भएपछि उनलाई तत्काल कर्णाली प्रदेश अस्पताल सुर्खेत पठाइएको थियो ।

कर्णाली प्रदेश अस्पताल सुर्खेतका चिकित्सक डा. ईश्वर बलामीका अनुसार बाटोमा डा. विश्वकर्माको टोलीले गरेको उपचारका कारण बिरामीको ज्यान बचाउन ठूलो मद्दत पुगेको छ । यद्यपि, चोट गहिरो भएकाले थप विशेषज्ञ उपचारका लागि घाइतेलाई काठमाडौं 'रिफर' गरिएको उहाँले बताउनुभयो ।

घटनाका अभियुक्त जिराबहादुर चन्दको भने खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक पुष्पराज रोकायका अनुसार फरार अभियुक्तको खोजीका लागि प्रहरी परिचालन गरिएको छ । सरकारी अस्पतालका चिकित्सकले देखाएको यो व्यावसायिक धर्म र मानवीय संवेदनाको स्थानीयस्तरमा उच्च प्रशंसा भएको छ । *(रासस)*

# लुम्बिनी प्रादेशिक अस्पताल 'एमएसएस'मा उत्कृष्ट

लुम्बिनी, १२ चैत । पश्चिम नेपालको पुरानो लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनमा उत्कृष्ट बनेको छ । अस्पतालले प्रदान गर्ने सेवा तथा सुविधाका आधारमा न्यूनतम सेवा मापदण्ड मूल्याङ्कन (एमएसएस) मा उत्कृष्ट बनेको हो ।

विगत दुई वर्षदेखि उत्कृष्टता हासिल गर्दै आएको अस्पतालले यसवर्ष पनि मूल्याङ्कनमा 'सेकेण्डरी बी' तहमा सुधार गर्दै ९० अङ्कसहित मुलुकभित्रै उत्कृष्ट सेवा दिने प्रथम अस्पताल बनेको हो । अस्पतालले गत वर्ष ८९ अङ्क प्राप्त गरेर नेपालभित्र उत्कृष्ट सेवा दिनेमा प्रथम हुन सफल भएको थियो । अस्पतालमा आयोजित सेवा मूल्याङ्कन समीक्षा कार्यक्रममा यहाँ उपलब्ध सेवा, उपकरण, भौतिक संरचना, जनशक्तिलगायत विविध पक्षका बारेमा प्रस्तुत गरिएको थियो ।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले सरकारी अस्पतालमा सेवा लिन जाँदा नाक खुम्च्याउनपर्ने अवस्थाको अन्त्य हुँदै गइरहेको बताउनुभयो । उहाँले मूल्याङ्कनको अङ्कमा मात्र नभइ जनताले पनि महसुस गर्नेगरी काम गर्न सम्बद्ध सबैलाई निर्देशन दिनुभयो । उत्कृष्टता हासिल गर्नुभन्दा पनि यसलाई निरन्तरता दिनु चुनौतीपूर्ण रहेको बताउँदै उहाँले थप सुधारका काममा लाग्न सबैलाई आग्रह गर्नुभयो ।

स्वास्थ्य निर्देशनालयका निर्देशक डा. रोशनलाल चौधरीले सेवालाई थप विस्तार विशिष्टीकृत गर्दै लैजान आग्रह गर्नुभयो । उहाँले प्रदेश सरकारले अस्पतालका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापन तथा बजेट व्यवस्थापनमा तयार रहेको उल्लेख गर्नुभयो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. इन्द्र ढकालले न्यूनतम स्वास्थ्य सेवा मापदण्ड मुल्याङ्कनमा अहिले प्राप्त नतिजा पर्याप्त नभएकाले थप सुधारका योजना बनाएर प्रभावकारी कार्यान्वयनमा जोड दिने बताउनुभयो । उहाँले न्यूनतम सेवा मूल्याङ्कनका मापदण्डअनुसारका आधारभूत विषयको व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिँदै सरकारले नीति बनाउँदा कार्यन्वयनको पक्षलाई ध्यान दिनुपर्नेमा धारणा राख्नुभयो ।

त्यसैगरी अस्पतालको निर्माणाधीन भवनबाट स्वास्थ्य सेवा सञ्चालनका लागि अहिलेदेखि सञ्चालन कार्यविधि ( ओएमएस) निर्माण गर्नुपर्नेमा मेडिकल सुपरिटेन्डेन्ट डा. ढकालले जोड दिनुभयो । अस्पतालको सेवा विस्तार कार्यक्रमअन्तर्गत एमआरआई सेवा सञ्चालन, स्त्रीरोगतर्फ 'डेडिकेटेट अपरेसन' कक्ष सञ्चालन, डिजिटल भुक्तानी सेवा, एसएमएसमार्फत मेडिकल रिपोर्ट सेवा, फार्मेसी सेवा विस्तार, चौबिसैँ घण्टा बिमा सेवा, सामाजिक सेवा इकाईसञ्चालनलगायत कार्य भएका उहाँले जानकारी गराउनुभयो ।

उत्कृष्ट व्यवस्थापनका लागि आधुनिक उपकरणसहितको सेवा, आइभिएफ सेवा सञ्चालनका लागि अध्ययन सुरुलगायत काम भइरहेका मेडिकल सुपरिटेन्डेन्ट डा. ढकालले बताउनुभयो । उहाँका अनुसार अस्पतालमा हाल ५१ जना विशेषज्ञ चिकित्सकसहित ८५० बढी स्वास्थ्यकर्मी तथा कर्मचारी कार्यरत छन् । *(रासस)*

***आमूल...***

ठेकेदारहरू, गिटी-बालुवाका व्यापारीहरू, घर-जग्गाका व्यवसायीहरू, गुन्डा, डन र माफिया (अपराधीहरू) एवम् सबै प्रकारका तस्करहरूको हितमा काम गर्छन् । तिनीहरू विदेशी पुँजीका पक्षपाती हुने हुनाले विदेशी वा साम्राज्यवादीहरूको दबाबमा काम गर्छन् । एमसीसी एक उदाहरण हो ।

यसकारण, प्रशासन, सेना, प्रहरी, गुप्तचर विभाग, परराष्ट्र मन्त्रालयका सबै अङ्ग र विश्वविद्यालय एवम् कलेजहरूमा समेत राज्यसम्बन्धी यथार्थ जानकारी दिने शिक्षा व्यवस्था लागू नगरेसम्म सबै क्षेत्रमा अन्योल कायम रहनेछ ।

समाजको व्यापक क्षेत्रमा आमूल परिवर्तनकारी कामदार जनताले भविष्यको निम्ति नयाँ पुस्ता तयार नगरेसम्म समाजमा क्रान्ति हुनेछैन । यसबारे सारा नेपाली जनता गम्भीर हुनुपर्ने हाम्रो विचार छ ।

**स्रोत : 'श्रमिक' साप्ताहिक**

# चौधौं राष्ट्रिय भूमिगत जल सङ्गोष्ठी सम्पन्न

महेन्द्रनगर (धनुषा), १२ चैत । मधेस प्रदेश सरकारको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको नेतृत्वमा १४ औं राष्ट्रिय भूमिगत जल सङ्गोष्ठी बिहीबार जनकपुरधाममा सम्पन्न भएको छ ।

वातावरण, ऊर्जा तथा जल अनुसन्धान केन्द्रको सहकार्य तथा वाटरएड, युनिसेफलगायतका विकास साझेदारहरूको सहयोगमा आयोजित उक्त सङ्गोष्ठीमा भूमिगत जलस्रोतको दिगो उपयोग, संरक्षण र व्यवस्थापनका विषयमा छलफल गरिएको छ ।

सो सङ्गोष्ठीमा मधेस प्रदेश सरकारका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री जहवारलाल कुशवाहाले प्रदेशमा बढ्दो जल सङ्कट र भूमिगत जलको अनियन्त्रित दोहनप्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले वैज्ञानिक अध्ययन र नीतिगत सुधारमार्फत जलस्रोतको संरक्षणमा जोड दिनुभयो । मन्त्री कुशवाहाले सुरक्षित खानेपानीको पहुँच विस्तार गर्न प्रदेश सरकार प्रतिबद्ध रहेकोसमेत उल्लेख गर्नुभयो ।

पूर्वमन्त्री गणेश शाहले जलवायु परिवर्तनका कारण भूमिगत जलको पुनर्भरणमा असर परेको बताउँदै दीर्घकालीन रणनीति अपनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले प्रविधिको उपयोग र अनुसन्धानमा आधारित नीति निर्माणमार्फत जल सङ्कट समाधान गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

प्रदेश नीति तथा योजना आयोग, मधेस प्रदेशका उपाध्यक्ष राजकुमार सिंहले प्रदेशको विकासका लागि जलस्रोत व्यवस्थापन अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले जल व्यवस्थापनलाई समग्र विकास योजनासँग जोडेर अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहनप्रसाद साहले भूमिगत जलको संरक्षणमा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै समुदायस्तरमा सचेतना अभिवृद्धि गर्न आवश्यक रहेको बताउनुभयो ।

वातावरण, ऊर्जा तथा जल अनुसन्धान केन्द्रका अध्यक्ष डा. धुन्निराज पाठकले वैज्ञानिक अनुसन्धानका आधारमा जलस्रोतको संरक्षण र उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

खानेपानी तथा सरसफाइ महाशाखाका महाशाखा प्रमुख लक्ष्मी पन्तले सुरक्षित खानेपानी तथा सरसफाइ सेवाको विस्तारका लागि सरकारका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भइरहेको जानकारी दिनुभयो ।

सोही अवसरमा युनिसेफकी अनिता मास्केले बालबालिका तथा समुदायको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित खानेपानी तथा सरसफाइ क्षेत्रमा साझेदार संस्थाहरूको भूमिका महत्त्वपूर्ण रहेको बताउँदै सहकार्यलाई अझ सुदृढ बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सङ्गोष्ठीका अध्यक्षता गर्नुभएका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव रामकुमार खड्कले भूमिगत जलसोतको दिगो व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताउनुभयो ।

सङ्गोष्ठीमा विभिन्न क्षेत्रका विज्ञ, सरोकारवाला निकायका प्रतिनिधि तथा नीतिनिर्माता सहभागी भई भूमिगत जलको दिगो व्यवस्थापनका उपायबारे आफ्ना धारणा राखेका थिए । *(रासस)*

# दुई फर्मलाई जरिवाना, १७ लाई निर्देशन

काठमाडौं, १२ चैत । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले स्थलगत अनुमगनका क्रममा कैफियत भेटिएपछि दुईवटा फर्मलाई नगद जरिवाना गरेको छ ।

विभागले बुधबार एक विज्ञप्ति जारी गरी पिलग्रिम्स ग्रोसरी प्रालि स्वयम्भूलाई रु. दुई लाख एक हजार बराबरको जरिवाना र आरएस किराना तथा ग्यास पसल ललितपुर भैँसेपाटीलाई रु. १० हजार जरिवाना गरेको जनाएको छ । यस्तै, थप १७ वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिइएको जनाएको हो ।

उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम ती फर्मलाई जरिवाना गरिएको विभागले स्पष्ट पारेको छ । विभागले नियमित रूपमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता अधिकारकर्मी तथा सरोकार भएकाहरूको सहभागितामा नियमित रूपमा बजारको अनुमगन तथा निरीक्षण गर्दै आएको छ । *(रासस)*

# चोरी गरी सुनका गहनाको स्वरूप परिवर्तन गर्ने पाँच जना पक्राउ

काठमाडौं, १२ चैत । प्रहरीले चोरी तथा सुनका गरगहनाको स्वरूप परिवर्तन गर्ने अपराधमा संलग्न पाँच जनालाई पक्राउ गरी बिहीबार सार्वजनिक गरेको छ ।

धादिङको गङ्गाजमुना गाउँपालिका-७ फुलखर्क घर भई हाल काठमाडौं तारकेश्वर नगरपालिका-१० शेषमती बस्ने २२ वर्षीय प्रशन्न अधिकारी, नवलपरासी (पूर्व), कावासोती नगरपालिका-१७ घर भई हाल काठमाडौं महानगरपालिका-२६ बस्ने २८ वर्षीय प्रदिप गुरूङ, ओखलढुङ्गाको खिजीदेम्बा गाउँपालिका-९ घर भई काठमाडौं महानगरपालिका-२६ सामखुशी बस्ने २९ वर्षीय लाक्पा शेर्पा, रसुवाको नौकुण्ड गाउँपालिका-५ घर भई काठमाडौं महानगरपालिका-२६ बस्ने २८ वर्षीय सागर कामी र भारतको महाराष्ट्रको सोलपुर जिल्ला तान्दुलवाडी थाना खोरेबस्ती ग्राम घर भई काठमाडौं महानगरपालिका-१५ बस्ने २८ वर्षीय गौरव गुणाजी मोरे पक्राउ परेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "काठमाडौं चन्द्रागिरि नगरपालिका-१५ तिनथानास्थित एक घरबाट एक दशमलव पाँच तोलाको सुनका सिक्री, एक तोलाको औँठी, आधा तोलाको झुम्का एक जोर, आधा तोलाको तिलहरी, मोबाइल दुई थान र नगद रु. पाँच हजार चोरी भएको भनी प्राप्त निवेदनका आधारमा अनुसन्धान तथा खोजतलास गर्दा उक्त चोरी तथा सुनका गरगहनाको स्वरूप परिवर्तन गर्ने अपराधमा निजहरूलाई पक्राउ गरिएको हो ।"

पहेँलो धातु २३ दशमलव ३० ग्राम र चोरीमा प्रयोग भएको बा ६६ प १९६६ नम्बरको मोटरसाइकलसहित मिति काठमाडौं महानगरपालिका-२६ गल्कोपाखा वाग्मती ड्राइभिङ सेन्टर अगाडिबाट निजहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ परेकाहरूलाई काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिई प्रहरी वृत्त थानकोटबाट थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताउनुभयो । *(रासस)*

## सङ्क्षिप्त समाचार

# कोशी प्रदेश सरकारद्वारा 'प्रदेश भवन नियमावली, २०८२' स्वीकृत

मोरङ, १२ चैत । कोशी प्रदेश सरकारको बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न छवटा निर्णय गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विराटनगरमा बसेको बैठकले प्रदेश भवन नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय गरेको प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले जानकारी दिनुभयो । त्यसैगरी प्रदेश सरकारले २०८३ सालमा दिने सार्वजनिक बिदा पनि स्वीकृत गर्नुका साथै वित्तीय समानीकरण अनुदान र सवारी साधन कर बाँडफाँडका लागि निर्धारण गरिएको सीमा स्वीकृत गर्ने निर्णय पनि गरेको छ ।

बैठकले गत असोज १८ र १९ गते बाढीपहिरो साथै यही चैत १ र २ गते आएको हावाहुन्डरीबाट क्षति भएका क्षेत्रमा पुन: निर्माण गर्नका लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा रहेको विपद् कोषमा रु. १५ करोड जम्मा गर्ने निर्णय गरिएको मन्त्री पराजुलीले जानकारी दिनुभयो । ***(रासस)***

# जाँचबुझ आयोगको प्रतिवेदनप्रति बारको असहमति

काठमाडौँ, १२ चैत । नेपाल बार एसोसिएसनले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ को प्रतिवेदनप्रति असहमति जनाएको छ । बारले आफ्नो क्षेत्राधिकार बाहिर गएर आपत्तिजनक तवरमा न्यायालयका विषय प्रतिवेदनमा उल्लेख गरेको भन्दै बिहीबार १:३० बजे सल्लाहकार समिति बैठक पनि बोलाएको छ ।

बारका महासचिवमा केदारप्रसाद कोईरालाले रासससँग कुरा गर्दै भन्नुभयो, "न्यायालय र कानुन व्यवसायप्रति समाजमा नकारात्मक असर पुग्ने गरी प्रतिवेदन आएको छ, यसमा हाम्रो असहमति छ । यसबारे कानुन व्यवसायीबिच गम्भीर छलफल हुनेछ ।" न्याय सुलभ पार्न वकिलको शुल्कलगायत विकृति र विसङ्गति फाँड्ने तथा न्यायलाई वकिलको स्वर्ग हुनबाट बचाउनु पर्नेलगायतका विषय प्रतिवेदनमा उल्लेख छ । "सर्वसाधारणको न्यायमा पहुँच नहुनु, नेपाली नागरिकले सुलभ तरिकाले न्याय पाउन सक्ने स्थिति छैन भनिन्छ । पहुँच र पैसा नहुनेका लागि न्याय धेरै टाढाको विषय भएको छ । पक्षको तर्फबाट वहस गर्नुपर्ने वकिल त यति खर्चिला छन् कि साधारण निवेदन लेखिदिएको मात्र पनि हजारौँ असूल गर्दछन्", प्रतिवेदनमा भनिएको छ । ***(रासस)***

# कर्णाली प्रदेशमा आठ सय ६१ क्षयरोगी भेटिए

काँक्रेविहार (सुर्खेत), १२ चैत । कर्णाली प्रदेशका १० जिल्लामा चालु आर्थिक वर्षको आठ महिनामा ८६१ जना क्षयरोगी भेटिएका छन् ।

स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतका क्षयरोग तथा कुष्ठरोग अधिकृत पदमबहादुर केसीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १ हजार ७१४ क्षयरोगी भेटिएकामा आव २०८१/८२ मा घटेर १ हजार ५३९ भेटिएका थिए ।

चालु आर्थिक वर्षमा सुर्खेतमा २९६, हुम्लामा १९, सल्यानमा १०४, जाजरकोटमा १०१, रुकुम पश्चिममा ९२, दैलेखमा ८३, कालिकोटमा ४६, जुम्लामा ४५, डोल्पामा २१ र मुगुमा १९ जना बिरामी पत्ता लागेको उहाँले जानकारी दिनुभयो । हाल प्रदेशमा ४१५ क्षयरोग उपचार केन्द्र, दुई 'एमडीआर' उपचार केन्द्र र १० वटा विशेषज्ञ केन्द्र सञ्चालनमा छन् । ***(रासस)***

# मार्ग खुलेको १६ वर्षपछि सडक स्तरोन्नति थालियो

म्याग्दी, १२ चैत । म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि फुलबारी-च्युरीबोट-सिस्नेरी हुदै वाग्लुङको तमानखोला जोड्ने सडक स्तरोन्नति थालिएको छ । मालिका गाउँपालिकाले यस सडकको बतासे-फुलबारी खण्डमा स्तरोन्नतिका लागि आयोजना सुरु गरेको हो । विसं २०६६ मा मार्ग खुलेको यस सडक सामान्य मर्मतको भरमा सञ्चालन हुदै आएको थियो ।

प्रदेश समपुरक शीर्षकमा गाउँपालिकाले चालु आर्थिक वर्षमा रु. एक करोड बजेट बिनियोजन गरेको यस आयोजना निर्माणका लागि मङ्गला कन्ट्रक्सन बाबियाचौरले रु. ६५ लाख २३ हजार चार सय ३२ मा गत माघ २६ गते ठेक्का सम्झौता गरेको छ । आगामी असार १५ गतेसम्म ठेक्काको म्याद रहेको योजना लक्ष्य अघिनै सम्पन्न गर्ने कार्ययोजना अनुसार पहिलो चरणमा डोजर परिचालन गरेर सडक फराकिलो पार्ने कामलाई तिब्रता दिएको निर्माण कम्पनीका प्रतिनिधी चक्रलाल पाण्डेले बताउनुभयो । हाल तीन दशमलब पाँचदेखि चार मिटर चौडाई भएको सडकलाई कम्तीमा छ मिटर फराकिलो पार्न भित्ता काट्ने काम भैरहेको छ । फराकिलो पारेपछि करिब पाँच सय मिटर दूरीमा नाली, ग्रेड, घुम्ती मिलाउने, ग्यावीयन, पलम पर्खाल निर्माण र ढलान गरिने निर्माण ब्यवसायी पाण्डेले बताउनुभयो ।

मालिका गाउँपालिकाको प्राबिधिक शाखाका प्रमुख दिपक सापकोटाका अनुसार यस आयोजना मार्फत ११ हजार घनमिटर भित्ता काट्ने, चार सय ४५ घनमिटर ग्यावीयन जालीको पर्खाल, दुई सय ५४ घनमिटर नाली, दुई सय ५० घनमिटर ढलान र २७ घनमिटर पलम पर्खाल निर्माण हुनेछ ।

यसअघिको बर्षमा थापाचौरदेखि देविस्थान जाने घुम्ति सम्मको खण्डमा स्तरोन्नति भएको थियो । यो सडक मालिका गाउँपालिकाको ४, २, ३ नम्बर वडाका साथै वाग्लुङको तमानखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्छन् । यो मालिका गाउँपालिकाको चालु आर्थिक वर्षको प्राथमिकताप्राप्त आयोजना भएको प्रमुख प्रशासकीय अधिकृत हरिशचन्द्र ढकालले बताउनुभयो । ***(रासस)***



**जडिबुटी गोडमेल**

सुनसरीको इटहरी-२० तरहरामा अवस्थित जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड परिसरमा हर्वल (भिक्स) बनाउन प्रयोग हुने मेन्था जडिबुटी गोडमेल गर्दै मजदुर । कम्पनीको ३७ बिघा क्षेत्रफलमा मेन्थासहित सिट्रोनेला, लेमल ग्रास, क्यामोमाइल, पामारोजा, फ्रेन्च बेसिन बाबरी, मसलालगायतको उत्पादन तथा प्रशोधन हुँदै आइरहेको छ । *तस्बिर : नवीन गड्तौला/रासस*

# बनेपा र पनौती नगरीमा ङालाकेगु जात्रा

**- नारायणमान बनमाला**

ऐतिहासिक नगरी भक्तपुरको जीवित रूपमा पुजिने मानव समाजमा आधारित नवदुर्गा देवगणको ङालाकेगु जात्रा २०८२ चैत १३ गतेदेखि काभ्रे बनेपा नगरपालिकामा हुने भएको छ । सोही दिन बनेपा नगर परिक्रमा गरिन्छ । बेलुका लाय्कु चोकमा बास बस्ने गरिन्छ । १४ गते पुन: नगर परिक्रमा गरी तीनधारा चोकमा बास बस्ने, ख:प्याखँ सुरु गरी रात्रि नाच सम्पन्न गरिन्छ । १५ गते बिहानदेखि बाराही नाच, सिम्ह दुम्ह माछा मार्ने (ङालाकेगु) जात्रा, महाकाली नाच, श्वेत भैरव ङालाकेगु जात्रा सम्पन्न गरी पुन: लाय्कु स्थान पुगेर राति नै देवगणहरू नगर परिक्रमा गरी लाय्कु चोकमा ख:प्याखँ नाच प्रदर्शन गर्ने परम्परा छ । १६ गते बिहानसम्म सम्पूर्ण गछि नाच प्रदर्शन गरी अन्तिम बिदाइ नाच सम्पन्न गरी बनेपा नगरमा नवदुर्गा देवगण जात्रा सम्पन्न गर्ने गरिन्छ । जात्रा सम्पन्नपश्चात् देवगणहरूले पनौती नगरपालिकामा प्रस्थान हुनेछन् । १६ गते बेलुकातिर पनौती नपामा नगर परिक्रमा गरी पनौती नपा लाय्कुमा बास बस्ने परम्परा रहेको छ । १७ गते पुन: देवगण बेलुका लाय्कु चोकमा ख:प्याखँ नाच अथवा गछि नाच प्रदर्शन गरी मु:बाहाँ सम्पन्न गरी सोही स्थान बास बस्ने गरिन्छ । यसैगरी १८ गते बिहान ८ बजेदेखि बाराही नाच, सिम्ह दुम्ह ङालाकेगु जात्रा, महाकाली नाच, श्वेत भैरव ङालाकेगु जात्रा सम्पन्न हुने गरिन्छ ।



काभ्रे बनेपा नगरपालिकामा नवदुर्गा देवगण जात्रापश्चात् बनेपा नपामा चण्डेश्वरी जात्राको लागि आवश्यक प्रसाद सगुनसहित नवदुर्गाको नौ वटा सुपारी मुख्य प्रसादबाट चण्डेश्वरी रथ जात्रा हुने परम्परा रहेको छ । काभ्रेमा रहेका विभिन्न मन्दिरहरूको अगाडि नाच प्रदर्शन गरी प्रसाद आदानप्रदान गरिन्छ । पनौती नगरमा ब्रह्मायणी तीर्थस्थल, इन्द्रेश्वर महादेवको पूजा ग्रहण गरी विभिन्न स्थानमा देवगण नाच प्रदर्शन गरी जात्रा सम्पन्न गर्ने परम्परा रहेको पाइन्छ । यस नवदुर्गा देवगण जात्राबाट मानव समाजमा हुने दैनिक आचरणको प्रदर्शन हुन्छ । यस जात्राबाट पारिवारिक भूमिका, नारी बोध, चेलीको दुखेसो, बालकको चकचकेपन, नारी सुन्दरता, सरसफाइ शिक्षा, साकाहारी, मांसाहारी पहिचान सहकार्यको भूमिका, सामूहिक भावनाको विकास, व्यक्तिगत जिम्मेवारीको महत्त्व आदि प्रदर्शन हुन्छ । पञ्चरङ्गको महत्त्व, दानव र देवगणको लडाइँ, सत्यसामु असत्यको नास हुने शिक्षा पनि यस जात्रामा पाइन्छ । देवगण नाचमा नारीप्रति कुदृष्टिको सजाय, नारीप्रति सम्मान, परिवारजनमा एकआपसमा सहकार्यको भूमिका पनि यस जात्राबाट शिक्षा प्रदान गरिएको पाइन्छ । यस देवगण जात्रामा नाङ्गो खुट्टाबाट जात्रा सञ्चालन गर्नेपर्ने समयमा सुत्न नपाउने, जात्रा अधिकांश रात्रि समयमा हुने भएकाले भक्तजनमार्फत विवाद भइरहने स्थिति छ ।

नवदुर्गा जात्रा वर्षभरिमा जिल्लाबाहिर जात्रामध्ये काठमाडौँ पशुपतिक्षेत्र, जय बागेश्वरी, टोखा नगरपालिका, चपली चुण्डीखेल, गोकर्ण नगरपालिका साँखु, शङ्खरापुर नपा, मध्यपुर नगरपालिका, सूर्यविनायक नपा, गामचा, काभ्रे जिल्ला, साँगा नाला धुलिखेल नपा, श्रीखण्डपुर, चौकोट, बनेपा नपा, पनौती नपामा हरेक वर्ष निरन्तर रूपमा जात्रा हुने गर्छ ।

**जात्रामा संलग्न देवगणहरूमध्ये निम्नअनुसार रहेका छन् -**

बाजा समूह : खीँ बाजा, तँ बाजा, कँसबाजा, डमरु
देवगण समूह : भैरव, महाकाली, बाराही, कुमारी, गणेश, ब्रह्मायणी, महेश्वरी, भद्रकाली
बालक देवगण : इन्द्रायणी, दुम्ह, सिम्ह, श्वेत भैरव
भण्डारी समूह : दातिम्हा (महालक्ष्मी), द्योम्हा (गुजेकाली), झिम्हा (महादेव)
पुजारी : नकीँ (मन्दिर पुजारी)
१९ जना देवगण समूहको परिवारलाई नवदुर्गा देवगण समूह (परिवार) भनिन्छ ।

भक्तपुर नगरमा २१ स्थानमा ङालाकेगु जात्रा हुन्छ । यस वर्ष १८ स्थानमा जात्रा सम्पन्न भइसकेको छ । तीन स्थानमा मात्र जात्रा गर्न बाँकी छ । त्यसमध्ये तुलाछेँ, चोछेँ र इच्छु टोलमा अन्तिम ङालाकेगु जात्रा हुन्छ ।

# जलेर नष्ट भएका तेह्र हजारभन्दा बढी लालपुर्जाको स्रेस्ता कायम

राँझा (बाँके), १२ चैत । नेपालगञ्जस्थित भूमि सुधार तथा मालपोत कार्यालय बाँकेले गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनका क्रममा जलेर नष्ट भएका १३ हजारभन्दा बढी जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा)को स्रेस्ता कायम गरेको छ ।

आन्दोलनका क्रममा भदौ २४ गते कार्यालयमा गरिएको आगजनीबाट कार्यालय भवन र कागजपत्र जलेर नष्ट भएपछि असोज र कार्तिकमा सेवा सेवा बन्द भई मङ्सिर १ गतेदेखि भाडाको कार्यालयबाट सेवा सञ्चालन भएको थियो ।

गत मङ्सिरदेखि चैत ८ गतेसम्म जलेर नष्ट भएका १३ हजार ४०९ जग्गाको जग्गाधनी प्रमाणपुर्जाको स्रेस्ता कायम गरिएको कार्यालयका प्रमुख मालपोत अधिकृत सबिनसिंह चौधरीले जानकारी दिनुभयो ।

"जेनजी आन्दोलनका क्रममा भएको आगजनीबाट जलेर नष्ट भएका स्रेस्ता कायम गर्ने काम धमाधम भइरहेको छ, हाम्रोतर्फबाट सकेसम्म सहज रूपमा सेवा प्रवाह गरिरहेका छौँ," उहाँले भन्नुभयो, "एकैपटक धेरै सेवाग्राही आउँदा भीडभाड भए पनि सेवा प्रवाहमा कुनै समस्या नहुनेगरी काम गरिरहेका छौँ ।"

विसं २०७४ पछिका स्रेस्ताहरू 'डिजिटलाइज्ट' भएकाले स्रेस्ता कायममा समस्या नभए पनि त्योभन्दा अगाडिका जग्गाधनी प्रमाणपुर्जाको रोक्का यकिन नहुँदा स्रेस्ता कायम गर्दा पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेलगायतका प्रक्रियागत कार्यले लामो समय लाग्ने गरेको चौधरीले जानकारी दिनुभयो । सेवाग्राहीको सहजताका लागि गत हप्ता मात्रै सेवाग्राही सहायता कक्ष स्थापना गरेर आवश्यक सहयोग र समन्वयको कार्य सुरु गरिएको उहाँले बताउनुभयो ।

लेखापढी व्यवसायीमार्फत सेवा लिँदा आर्थिक रूपमा बोझ हुनेहुँदा नागरिक सहायता कक्षमार्फत सेवा लिन आग्रह गर्दै कार्यालय प्रमुख चौधरीले मालपोत विभागको 'अनलाइन' प्रणालीमा समस्या भएबाहेक अन्य समय सेवाग्राहीको काममा कुनै ढिलासुस्ती नहुने बताउनुभयो । ***(रासस)***

। सम्पादकीय ।

# के भ्रष्टाचारीहरू कारबाहीमा पर्छन् ?

सर्वसाधारण जनताको चिन्ता र चासो देशमा सुशासन कायम गरी राज्यको सेवा प्रवाह चुस्त र सबैको लागि पहुँचयोग्य बनाउनु हो । राज्य सञ्चालनमा आपराधिक व्यक्ति बिचौलिया, भ्रष्ट आचरणका व्यक्तिहरूको पहुँच हुने हुँदा राज्यका अधिकांश निकाय प्रदूषित र भ्रष्टीकरण भएको राजनीतिक विश्लेषक र जनताको दुखेसो हो । इमानपूर्वक राजनीति नगर्ने, देश र जनताप्रति जिम्मेवार नहुने, पक्षपात, विभेद हुने आदि कारणले जनतामा असन्तोष बढेको हो । जति जोगी आए पनि कानै चिरेका भनेझैँ जुन दलको नेतृत्वमा सरकार आए पनि सत्तारूढ दलका नेताहरू देश र जनताप्रति जिम्मेवार भएनन्; मै खाउँ, मै लाउँमा केन्द्रित भए । यही प्रक्रिया दसकौँ वर्ष दोहोरिएको कारण फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा ठुला दलका धेरै उम्मेदवारहरू हारे ।

विगतमा सरकारको नेतृत्व गर्ने दलका नेताहरूले दलको घोषणापत्रअनुसार काम गरेनन्; देशलाई आत्मनिर्भर बनाउने र बहुमत जनतालाई राहत पुऱ्याउने काम गरेनन् । बहुमत जनताको मत लिएर बहुमत जनताकै अहितमा सरकारले काम गरेपछि, निर्णय गरेपछि जनतामा असन्तोष बढ्नु स्वाभाविक हो । यही रोग अब बन्ने सरकारले दोहोऱ्याएमा यो सरकारको गति पनि पहिलेकै जस्तो हुनेमा शङ्का छैन । यसअघिको सदनमा रास्वपाले उठाउँदै आएको एउटा कुरा भ्रष्टाचारीहरूको फाइल खोल्ने र कारबाही गर्ने भन्ने हो । भ्रष्टाचार रोक्न शासकहरूले दृढ इच्छा शक्ति नदेखाएकाले भ्रष्टाचार बढेको भन्ने उनीहरूको आरोप हो । अहिले तिनीहरूकै नेतृत्वमा सरकार बन्दै छ । के अब देशबाट भ्रष्टाचार अन्त्य हुन्छ ? भ्रष्टाचारीहरूको फाइल खुल्छ ? भ्रष्टाचारीहरू कारबाहीमा पर्छन् ? व्यापक जनताको प्रश्न छ ।

कृषिप्रधान देशमा अरबौँ खरबौँ मूल्य बराबरको खाद्यान्न, फलफूललगायत अन्य सामान नेपालमा आयात हुँदै छ । चामल र गहुँसमेत आयात हुनु देशको निम्ति लज्जास्पद विषय हो । देशभित्र विकृति र विसङ्गति बढ्दै छ । बेथितिको चाङ बढ्दै छ । देश र जनताको सेवा गर्ने कुरा नाउँमात्रको छ । देश र जनताको सेवा गर्ने प्रण गरेर दलगत र व्यक्तिगत स्वार्थमा नेताहरू अल्झिएका छन् । देश भ्रष्टाचारको दलदलमा फसेसम्म देशको आर्थिक र सामाजिक विकास कसरी हुन्छ ? पदको दुरूपयोग गरी, अनियमित र भ्रष्टाचार गरी कमाइएको सम्पत्ति वैध बनाउने काममा शासकहरू लागेपछि देशमा कसरी सुशासन हुन्छ ? भ्रष्टाचारबाट कमाइएको सम्पत्ति वैध होइन राष्ट्रियकरण गर्नुपर्छ । सरकारमा सामेल नेता, मन्त्री, सांसदहरू देश र जनताप्रति जिम्मेवार हुनुपर्छ । देशभरिका कर्मचारी, इमानदार र देशभक्त हुनुपर्छ । सरकार जनताको आवश्यकता र आकाङ्क्षा पूरा गर्न अग्रसर हुनुपर्छ । राजनीतिलाई कमाउ गर्ने धन्दा बनाएर देश बन्दैन । के अब बन्ने सरकार देश बनाउने र जोगाउने काममा लाग्छ ? के अब देशमा भ्रष्टाचार अन्त्य हुन्छ ? के अब माध्यमिक तहसम्म अनिवार्य र नि:शुल्क शिक्षा हुन्छ ? के स्वास्थ्य उपचार नि:शुल्क हुन्छ ? के स्वास्थ्य बीमा व्यवस्थित हुन्छ ? स्वास्थ्य बीमाको सबै भुक्तानी हुन्छ ? ज्येष्ठ नागरिकहरूको जीवन सुनिश्चित हुन्छ ? महिला बेचबिखन नियन्त्रण हुन्छ ?

विकास गर्ने एक महत्त्वपूर्ण आधार देशमा भएका स्रोत र साधन उपयोग गर्नु पनि हो । देशको पुँजी देशमै लगानी गर्न र गराउन देशका पुँजीपतिहरूलाई प्रेरित गर्नुपर्छ । विदेशी दलाल, विदेशी पुँजीको लगानी भित्र्याएर नेपालका उद्योगी, व्यापारी या व्यवसायीलाई हतोत्साही पार्ने, डुबाउने काम सरकारले गर्नुहुँदैन । सरकारको नेतृत्व गर्ने दलका नेता, मन्त्री र सांसदहरूमा राजनीतिक संस्कार हुनुपर्छ । स्थानीय तहलाई प्राथमिकता दिएर बजेट छुट्याइनुपर्छ । देशको आवश्यकताअनुसार विद्युत् उत्पादन गर्न देशभर बिजुली पुऱ्याइनुपर्छ । सस्तोमा विद्युत् सेवा दिएर ग्यासको आयातलाई कम गर्नुपर्छ ।

अब यो गर्ने र त्यो गर्ने भनी हल्ला पिट्ने होइन काम गरेर देखाउने बेला हो । हिजो सरकारको विरोध गर्ने दलले अहिले काम गर्नुपर्ने समय आएको छ । राजनीतिक विश्लेषकहरू यो पुँजीवादी व्यवस्थाको सरकारले बहुमत जनताको पक्षमा गतिलो काम गर्न नसक्ने बताउँछन् । प्रधानमन्त्रीको शपथग्रहणमा शङ्खनाद गरेर, वटुकबाट स्वस्तिशान्ति वाचन गरेर यहाँ विकास हुने होइन, शान्ति सुरक्षा हुने होइन । गौरीबहादुर कार्कीको जाँचबुझ आयोगको प्रतिवेदन सरकारसमक्ष पेस गरिसकेको छ । प्रतिवेदनबारे उल्लेख गरियो, '२३ भदौको घटनामा दोषी किटान, २४ भदौको विध्वंसमा भने मौन ।' यो शीर्षकको समाचारले प्रतिवेदन एकतर्फी भएको टिप्पणी गरिन थालेको छ । जाँचबुझ आयोगले भदौ २३ र २४ को वस्तुस्थिति बुझेर प्रतिवेदन पेस गर्नुपर्ने हो । भदौ २३ लाई कारबाही र भदौ २४ लाई उन्मुक्ति दिने काम कति सही हो ? दुईदिने जेन-जी आन्दोलनको क्रममा भएका हिंसा र विध्वंशको राम्ररी छानबिन गर्नुपर्ने हो । छानबिन गरेर कारबाहीको प्रक्रिया अघि बढाउनुपर्ने हो ।

# सिरिया : सत्तापलटको चिरफार

● एन ग्यारिसन

'यो सत्तापलटको लागि तारो बनेको देशका जनताका लागि एउटा चेतावनी हो । भविष्यमा हुनसक्ने 'सत्तापलट युद्ध' विरुद्ध सङ्गठित हुनुपर्ने आह्वान हो । तर, यो सङ्घर्षमा हामी पोख्त बनिसकेका छैनौँ ।' चर्चित फिल्मकार ओलिभर स्टोनका शब्द हुन् यी । हालै प्रकाशित पुस्तक 'सिरिया : सत्तापलटको चिरफार' को भूमिकामा स्टोनले माथिको विचार राखेका हुन् ।

सन् २०२४ डिसेम्बरमा सिरियामा बशर अल-असादको सत्ता ढल्यो । आज उनको सत्ता ढलेको एक वर्ष बितेको छ । यसबिच अमेरिकी सेनाको कमान्डो टोली 'डेल्टा फोर्स' ले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरो र उहाँकी पत्नी एवम् राष्ट्रिय सभाकी अध्यक्ष सिलिया फ्लोरेसको अपहरण गऱ्यो । अमेरिकाको विदेश मन्त्रालयकाअनुसार अमेरिकी सरकारले अहिले 'अमेरिका, भेनेजुयला र आफ्ना साझेदारहरूको हितमा भेनेजुयाली कच्चा तेललाई विदेशमा बजारीकरण गर्न थालिसकेको छ । अझै अपमानजनक तथ्य के छ भने क्युबा पठाउने भनिएको २ लाख ब्यारेल कच्चा तेल इजरायल पठाइयो । अमेरिकी जनताको दिमागमा 'मिडिया ड्रोन' चलाइयो । उनीहरूबिच 'मादुरो तानाशाह र लागुऔषध तस्कर हुन्' भनी झूटो प्रचारबाजी गरियो ।


त्यसपछि ट्रम्पले क्युबाविरुद्ध कठोर नाकाबन्दी लगाए । क्युवाली जनताले घुँडा नटेके क्युवालाई 'साथीले झैँ कब्जा गर्न सकिने' धम्कीसमेत दिए उनले । त्यसपछि इजरायलको भाउँतोमा लागेर उनले इरानविरुद्ध युद्ध सुरु गरे । 'एमआइटी' मा कार्यरत एक प्रसिद्ध हतियारविद् थियोडोर पोस्तोलले इरान युद्ध पश्चिम एसियाभरि फैलिन सक्ने बनाए । यो युद्ध आणविक युद्धसम्म जान सक्ने उनले चेतावनी दिए । साँच्चै ओलिभर स्टोनको भनाइ सत्य प्रमाणित भएको छ । 'सत्तापलटको लागि तारो बनेको देशका जनता' ले कति सास्ती भोग्नुपर्छ भन्ने प्रस्ट हुँदै छ ।

सिरियाको पतनबारे धेरै कुरा बाहिर आइसकेको छ । तिनै कुरालाई बारम्बार दोहोऱ्याइएको पनि छ । 'सिरिया : सत्तापलटको चिरफार' को सातौँ पाठको शीर्षक छ - टोन्किन खाडीको छाया : रासायनिक हतियारको झूट' । यसमा लेखकद्वयले पश्चिमाहरूले लगाउँदै आएको रासायनिक हतियारको ठगीबारे बताइएको छ । कुनै बेला टोन्किन खाडीको विषयमा यस्तै छलछाल गरेर अमेरिकाले भियतनामविरुद्ध युद्ध थालेको थियो । त्यस्तै, नरसंहारकारी हतियार राखेको छलछाम गरेर अमेरिकाले इरान युद्धलाई उचित ठहऱ्याएको थियो । सिरियामा 'हस्तक्षेप' गर्न ओबामाले त्यही तर्क दोऱ्याउन खोजेका थिए । तर, पछि रासायनिक हतियारको कुरा उठ्यो । यही निहुँमा अमेरिकाले सिरियामाथि हवाइ हमला गऱ्यो, धेरै पश्चिमाहरूले अमेरिकी आक्रमणलाई सही माने । कोभालिक र कुजमारोभले ओबामाको भनाइ उध्दृत गरेका छन्, "एउटा तानाशाहले सयौँ बालबालिकालाई ग्यासमा हालेर मार्छ र उसले कुनै मूल्य चुकाउनुपर्दैन भने हामीले दिएको सन्देश कस्तो होला ?"

रासायनिक हतियारको जाली कथाका कारण धेरै पश्चिमा वामपन्थीहरू निरास भएर र सरकारको भाउँतोमा लागे । आफ्ना देशवासीको दु:खप्रति असाद यति उदासीन हुन्थे भने पनि उनले विदेशी आक्रमणकारीहरूका लागि हमला गर्ने बहाना दिन क्रूरता किन देखाउँथे ? कोभालिक र कुजमारोभले यसको कारण खुलाएका छन् । खासमा पश्चिमका सबै कर्पोरेट मिडियाले पूर्वका शासकहरू तानाशाह हुन्छन् र तिनले दासप्रथा चलाउँछन् भन्ने 'पूर्ववादी' ( ओरियन्टालिस्ट) धारणा भट्याइरहे । यही भट्याइले काम गऱ्यो । पश्चिमा शासक वर्ग र भ्रमप्रसारकहरूलाई अर्को साम्राज्यवादी युद्ध गर्न सजिलो भयो ।

आफ्नै देशवासीलाई कसले ग्यासमा हालेर मार्ला ? गैरगोराहरूले गर्न सक्छन्, अरबीहरूले गर्न सक्छन् ! यो कुतर्कलाई पश्चिमका उदार बुद्धिजीवीहरूले पत्याइहाले । जब कि उनीहरू आफूलाई जातिवादविरोधी र पहिचानको राजनीतिका पक्षधर भन्न रुचाउँछन् ।

'सिरिया : सत्तापलटको चिरफार' को आठौँ पाठको शीर्षक छ - फरक तरिकाको युद्ध : आर्थिक प्रतिबन्ध र सत्तापलट कारबाहीहरू' । यसले आफ्नो जब्बर आर्थिक शक्ति लगाएर अमेरिकाले अपनाउने व्यापारिक घाँटीथिचाइ नीतिको कथा भन्छ । अमेरिकाले




प्रतिबन्धले पीडित देशहरूलाई आधारभूत उपचार दिन पनि अस्वीकार गर्दै आएको छ । आफूले आर्थिक प्रतिबन्ध लगाएको देशको आर्थिक विकास रोक्नका लागि उसले व्यापारमा बन्देज लगाउँछ । यसले गर्दा जीवन कष्टकर बन्छ भने बेराजगारी ह्वात्तै बढ्छ । आर्थिक प्रतिबन्ध लगाएर अमेरिकाले कमजोर देशहरूलाई 'बढी नै झुक्न' धम्की दिन्छ । यसले गर्दा ती देशले आर्थिक प्रतिबन्ध लागेका देशहरूसँग व्यापार गर्न अस्वीकार गर्छन् । किनभने, उनीहरू अमेरिका चिढिन्छ कि भनेर डराउँछन् । जस्तो, उनीहरू अमेरिकी बजारमा पाइने पहुँच गुमाउन चाहँदैनन् ।

कोभालिक र कुजमारोभ लेख्छन्, "सन् २०२३ मा पाँच वर्षमुनिका ६ लाख ९ हजार सिरियाली बालबच्चा कुपोषणबाट ग्रस्त थिए; १ करोड २० लाख सिरियालीहरूसँग भरपेट खाना थिएन; ९० प्रतिशत सिरियाली जनता गरिबीमा पिल्सिरहेका थिए ।" रासायनिक हतियारको जालमा पर्ने उदार बुद्धिजीवीहरूले आर्थिक प्रतिबन्धले जनताको डाढ भाँचिएको विषयमा धेरै कुरा जान्न खोज्दैनन् । त्यसैले उनीहरूलाई 'सिरिया, भेनेजुयला, क्युवा वा इरानका नेताहरू अक्षम, कठोर र लोभी हुनाले त्यहाँका जनताले कठिनाइ भोगिरहेका छन्' भनी मनाउन सजिलो हुन्छ ।

सिरिया, भेनेजुयला, क्युबा र इरानबिच के त्यस्तो साझा चीज छ ? किन आर्थिक प्रतिबन्ध, भ ू टो प्रचारबाजी र सैन्य बलले तिनको घाँटी थिचिएको छ ?

कोभालिक र कुजमारोभ लेख्छन्, "सत्तापलटको तारो त्यस्ता नेताहरू बन्छन् जो स्वतन्त्र र देशभक्त हुन्छन्, जसले अमेरिकी बहुराष्ट्रिय कम्पनीहरूलाई आफ्नो देशमा घुस्नबाट रोक्ने सोच राख्छन्, जसले अमेरिकाको विश्व वर्चस्वलाई चुनौती दिन्छन् ।" बशर अल-असद ठिक यस्तै नेता थिए । उनले प्यालेस्टिनका प्रतिरोधी समूहहरूलाई सहयोग गरेका थिए । उनी इजरायलविरुद्ध उभिएका थिए । उनले इरान र रुससँग नजिकको सम्बन्ध राखेका थिए । उनले देशभक्तिपूर्ण अर्थनीति अपनाएका थिए । असादले चीनसँग आर्थिक सहकार्य बढाइरहेका थिए । उनले सिरियाको भूमि हुँदै जाने भनिएको अन्तर-अरब कतारी पाइपलाइन निर्माण गर्न दिएनन् । बरु उनले रुसले स्वीकार गरेको 'इस्लामिक' पाइपलाइनमा सहमति जनाए । यो पाइपलाइन इरानबाट ग्यास लिएर सिरिया हुँदै लेबनन पुग्ने गरी बिछ्याइने सोचिएको थियो ।"

पाइपलाइनको विषयमा अनेक कुरा आएका छन् । तर, पाइपलाइन पनि एउटा महत्त्वपूर्ण मुद्दा थियो । तथापि, एक अमेरिकी कलाकारले भने जस्तो साम्राज्यवादविरुद्ध शिर उठाउने कुनै पनि स्वाधीन देश 'भूरणनीतिक' बनिहाल्छ । यसकारण, सन् १९८३ मा क्यारिबियाली टापु देश ग्रेनाडाले विकासको समाजवादी बाटो अपनाउँदा अमेरिकाले भाँजो हाल्यो । ग्रेनाडाको जनसङ्ख्या १ लाख १५ हजार छ । यसले जाइफल मात्र निर्यात गर्छ । तर, त्यसलाई बेचेर आउने नाफा त्यहाँका जनताको हातमा जाँदैन ।

सिरिया, भेनेजुयला, क्युबा र इरानबिच अर्को समानता छ । उनीहरूले विश्वमा बसोबासी उपनिवेशवादको अन्तिम किल्ला इजरायल र उसको यहुदीवादी विस्तारवादको कडा प्रतिवाद गरेका थिए । इजरायलको विस्तारवादी योजनालाई आज हामी 'अखण्ड इजरायल' भनी बुझ्दै छौँ ।

कोभालिक र कुजमारोभले सिरियाका नयाँ शासक अहमद अल-शाराबारे पनि लेखेका छन् । शाराले आफूले 'इजरायललाई माया गर्ने' दाबी गरेका छन् । उनले राजधानी सहर दमास्कसमा एउटा 'ट्रम्प टावर' निर्माण गर्न चाहेको बताए । उनले सिरियाको तेल र ग्यास उद्योग अमेरिकी कम्पनीहरूको लागि खुला गर्ने पनि बताएका छन् । उनी राष्ट्रपति हुनुभन्दा अगाडि सिरिया अल-अल-असादको हातमा थियो । अल जोलानी आतङ्ककारी समूह अल-कायदासम्बद्ध सङ्गठन तहरिर अल-शामका नेता थिए । अल-जोलानीलाई टर्की, कतार, साउदी अरब, बेलायत, फ्रान्स, क्यानडा, अमेरिका र इजरायलको पूर्ण समर्थन थियो । ट्रम्पले भनेका थिए, "सिरियाका राष्ट्रपतिले एकदम राम्रो काम गर्दै छन् । खासमा उनलाई मैले नै सत्तामा बसालेको थिएँ ।"

*(यो लेख डान कोभालिक र जेरेमी कुजमारोभको पुस्तक 'सिरिया : सत्तापलटको चिरफार' मा आधारित छ । स्रोत : ब्ल्याक एजेन्डा रिपोर्ट । सम्यक)*




# १९११ को क्रान्ति - २

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौँको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङ्घाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यू' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

### उछाङ विद्रोह

चीनको हरेक आन्तरिक कलहबाट फाइदा उठाउन साम्राज्यवादीहरूले छिङ सरकारलाई निजी रेलको बन्दोबस्तलाई राष्ट्रियकरण गराइ पछि त्यसलाई ठेक्का लिने नियतले काम अगाडि सारे । सेचुवान (Szechuan), हुनान, हुपेह, क्याङतुङ त्यसको व्यापक विरोध भयो । सेचुवानको राजधानी छेङतु (Chengtu) का जनताले सङ्गठित भई सरकारलाई बिन्तीपत्र दिए । विद्यार्थी, साहुमहाजन र मजदुरले हडतालहरू गरे । अञ्चलाधीशले रेलवेका शेयरधनीहरूलाई गिरफ्तार गरे र बिन्तीपत्र दिनेहरूलाई हत्याकाण्ड मच्चाएर आतङ्क फैलाए । त्यस हत्याकाण्डले रेल्वे बन्दोबस्तमा आ-आफ्नो हक स्थापना गर्न प्रान्तका विभिन्न नेताहरूले सशस्त्र विद्रोहको तयारी गरे । जिल्ला र ठाउँ ठाउँमा सशस्त्र जनताले विद्रोह गरे तथा




सरकारले उछाङ विद्रोहलाई निर्ममतापूर्वक दबायो ।

सन यात सेनको क्रान्तिकारी लीगले देशभर छिङ शासनको विरोधको तयारी गर्‍यो । त्यसबेला एक लोकगीत प्रचलित थियो -

*कसैको आशीर्वाद र ज्योतिषको मुहुर्त चाहिँदैन*
*तीनवर्षे बाल सम्राटको बाबुको शासन टिक्दैन*
*यही वर्ष उसको चिहानमा ऊ गाडिनेछ,*
*अर्को वर्ष हरेक जोताहाको बाली आफ्नो हुनेछ ।*

यसरी जनतामा सामन्ती शोषणको विरोधमा क्रान्तिको विजयको सुनिश्चितता देखिएको थियो । सेचुवानको रेल्वे संरक्षणको आन्दोलन बढ्दै गर्दा हुपेह प्रान्तको 'साहित्यिक समाज' र 'सँगै अगाडि बढ्ने लीग' सशस्त्र विद्रोहमा लागे । नयाँ क्रान्तिकारी सेनाको तयारी पनि हुँदै थियो र १० अक्टोबर १९११ को दिन सरकारी सेनाको हातहतियारको खजाना क्रान्तिकारीहरूले कब्जा गर्दै अञ्चलाधीशको निवासमाथि धावा बोले, सबै सरकारी अधिकारीहरू आत्तिँदै भागे ।

दोस्रो दिन राजतन्त्रको उन्मूलन र चीनको गणतन्त्रको घोषणा गर्दै एक सैनिक सरकार घोषणा गरियो । क्रान्तिकारी सेनाले याङसी नदी पार गर्‍यो तथा हानयाङ (Hanyang) र हानकाउ (Hankow) कब्जा गर्‍यो । उछाङ विद्रोहको सफलताले देशभरका मजदुर, किसान र भूतपूर्व सिपाहीहरू क्रान्ति र क्रान्तिकारी सेनासँग सहकार्य गर्न पुगे तथा छिङ सरकारका सैनिक दलहरू भागाभाग भए ।

हरेक प्रान्तबाट उछाह विद्रोहको समर्थन गर्दै केही हप्तामै धेरै प्रान्तहरूले छिङ सरकारबाट मुक्त भएको घोषणा गरे । क्रान्तिको तीव्रता देखेर केही नेताहरू क्रान्तिलाई टुङ्गोमा पुर्‍याउन नेतृत्व दिनुभन्दा छिटो टुङ्गो लगाउन संवैधानिक राजतन्त्रवादीहरू, माथिल्ला अधिकारीहरू र सम्भ्रान्तवर्गका मानिसहरू पहिलेदेखि नै क्रान्तिप्रति झुकाव राखेको बताउँदै अञ्चलाधीश र अन्य पदहरूमा जान गणतन्त्रको समर्थन गर्न लागे । क्याङसु (Kiangsu) का अञ्चलाधीशले पनि छिङ सरकारको चिह्न फालेर आफ्नो निवासमा 'सैनिक सरकार' को चिह्न झुन्ड्यायो । प्रतिक्रियावादी अधिकारीहरू क्रान्तिकारीको लाममा घुसेर विजयको फल चोर्न पुगे ।

### गणतन्त्रको घोषणा र सन यात सेन राष्ट्रपति

उछाङ विद्रोहको विजयपछि विभिन्न प्रान्तहरूका प्रतिनिधिहरूको सहभागितामा एक अन्तरिम सरकार बनाउन सन् १९११ को डिसेम्बर महिनामा नानकिङमा एक बैठक बस्यो र डा. सन यात सेन चीनको अन्तरिम सरकारको राष्ट्रपति चुनिए । १ जनवरी १९१२ मा विदेशबाट फर्केर नानकिङमा चीनको गणतन्त्रको


डा. सन यात सेन

घोषणा गरियो र सन यात सेन अन्तरिम राष्ट्रपति पदमा स्थापित भए । सबै प्रान्तहरूका प्रतिनिधिहरू भएको अन्तरिम माथिल्लो सदनले एक अन्तरिम संविधान खेस्रा गर्‍यो । त्यसमा चीनको गणतन्त्रको हरेक नागरिकले जात- जाति, भाषा-भाषी,वर्ग र धर्मको भेद नगरी प्रेस स्वतन्त्रता, बसोबासको स्वतन्त्रता, वाक् स्वतन्त्रता, भेला हुने, धार्मिक विश्वासको स्वतन्त्रता र जनतामा अपिल गर्ने स्वतन्त्रता, उजुर गर्ने र सरकारी कर्मचारीहरूमाथि मुद्दा चलाउने अधिकारको बन्दोबस्त गरियो । त्यसबेलाको सामन्तवादी निरङ्कुश राजतन्त्रको तुलनामा यो पुँजीवादी जनवादी गणतन्त्र प्रगतिशील थियो ।

उछाङ विद्रोहको बेला उत्तरको एक युद्ध सरकार वा सैनिक जर्नल युआन शिह-काई (Yuan Shi– Kai) लाई छिङ सरकारले प्रधानमन्त्री बनायो । उसले छिङ सरकारको सेनालाई एक गरी उहान (Wuhan) को तीनवटै नगरमाथि हमला गर्‍यो र हानयाङ (Hanyang) कब्जा गर्‍यो । क्रान्तिको परिस्थितिको कारण उसले छिङ सरकारसँग थप शक्ति दिन बाध्य पार्‍यो र क्रान्तिका नेताहरूसँग सम्झौता गर्न बाध्य पार्‍यो । सन् १९११ नोभेम्बर महिनामा क्रान्तिकारीहरू र युआन शि-काइबिच शान्ति वार्ता चल्दै थियो ।

संविधानविद्हरू, ठुलठुला जमिनदारहरू र अधिकारीहरू मिलेर अन्तरिम सरकारमा घुसेर राष्ट्रपति सन यात सेनमाथि दबाब दिई युआन शि-काइलाई राष्ट्रपति बनाउन दबाब दिए । संरा अमेरिका, बेलायत, जर्मनी र फ्रान्सले पनि युआनलाई समर्थन गरे । यस्तो विकट परिस्थितिमा युआनले छिङ सरकारसँग सम्बन्ध तोडेमा गणतन्त्र एवम् अन्तरिम संविधानलाई भित्री हृदयदेखि समर्थन गरेका सन यात-सेनले युआनलाई राष्ट्रपति पद छोड्न तयार भएको बताइयो ।

फेब्रुअरी १९१२ मा केटो राजा सुआन तुङ (Hsuan Tung) लाई गद्दीच्युत गरी युआन शिह-काइ अन्तरिम राष्ट्रपति भए । यसरी क्रान्तिको विजयको फल दुरूपयोग भयो ।

चिनियाँ पुँजीपतिवर्गको कमजोरी साम्राज्यवाद र सामन्तवादको विरोधमा जनताको जागरणमा विश्वास नगर्नु थियो । अर्ध-उपनिवेश र अर्धसामन्ती प्रतिक्रियावादी शासनलाई क्रान्तिले



*युआन-शि-काई र ह्वाङ सिङ*

बदल्न सकेन र सामन्तवादी व्यवस्था र साम्राज्यवादी प्रभावमा जमिनदारवर्ग र साम्राज्यवादका पिछलग्गूहरूको शासन स्थापना भयो । यस अर्थमा क्रान्ति असफल भयो ।

तैपनि, २ हजार वर्षदेखि 'पवित्र र बदल्न नसकिने' भनिएको निरङ्कुश राजतन्त्रलाई समाप्त पारियो र चिनियाँ जनताको मनमा चिनियाँ जनवादी गणतन्त्रको विचारलाई स्थापित गर्‍यो । सन् १९११ को क्रान्ति एक अर्थमा चीनको इतिहासमा एक महत्त्वपूर्ण घटनाको रूपमा लिइयो ।

### कोमिनताङको स्थापना

उछाङ विद्रोहको असफलतापछि क्रान्तिकारी लीगका धेरै कार्यकर्ताहरूमा क्रान्तिकारी उत्साह शिथिल भएको देखियो । त्यसबेला एउटा भनाइ नै चल्यो, "क्रान्तिकारी सेना जाग्दा क्रान्तिकारी पार्टी सुक्यो ।" यस्तो विषम परिस्थितिमा २७ अप्रिल १९११ मा क्यान्टन विद्रोहको लगाम सम्हाल्ने ह्वाङ सिङ (Huang Hsing), सुङ चाओ-चेन (Sung Chao–Jen) र क्रान्तिकारी लीगका अन्य सदस्यहरू मिलेर सन् १९१२ को अगस्ट महिनामा एक राष्ट्रिय जनता पार्टी वा कोमिनताङ पार्टीको स्थापना गरे ।

सन् १९१२ को अन्तिम र १९१३ को सुरुमा चीनमा पहिलोपटक संसदीय निर्वाचन भयो । कोमिनताङ पार्टीले त्यस निर्वाचनमा ३९० स्थान अर्थात् ४५ प्रतिशत मत प्राप्त गर्‍यो । सुङ चाओ-चेनले संसद्मा कोमिनताङले नियन्त्रण गरेपछि युद्ध सदार युआन शिकाई (Yuan Shih Kai) लाई नियन्त्रण गर्न सकिने विचार गरे । तर, युआन सारा शक्ति आफ्नो मुट्ठीमा पार्न चाहन्थ्यो । ऊ संसद्को नियन्त्रणमा बस्न चाहन्नथ्यो । यसकारण, ऊ कोमिनताङ पार्टीको प्रभावलाई समाप्त पार्न चाहन्थ्यो ।

सन् १९१३ मा बेलायत, फ्रान्स, जर्मनी, जापान र रुससँग संयुक्त सुपरिवेक्षणमा चीनले सशर्त ऋण लिने युआन शिकाईले सम्झौता गर्‍यो । बाँदरको स्वर निको छैन भन्ने बुझेर सन यात सेनले युआन शिकाईको विरोधमा एक दृढ अभियान छेड्न चाहन्थे । तर, पार्टीका केही नेताहरूले तत्काल युआन शिकाईको विरोधमा अभियान चाल्न चाहेनन् ।

### युआन शिकाईविरोधी अभियान

तर, ती सबै स्थिति बुझेर युआन शिकाईले १९१३ जून महिनामा कोमिनताङका सदस्यहरू क्याङसी, क्वाङतुङ र आन्हवी प्रान्तका गभर्नरहरूलाई बर्खास्तीको घोषणा गरे । यसकारण, क्याङसीका गभर्नर लि लिह च्युन (Li Lieh Chun) ले युआन शिकाईको विश्वासघातको निन्दा गर्दै उसको सेनालाई दण्ड दिन आफ्नो सेनालाई क्याङसीको हुकोउ (Hukou) कब्जा गर्न आदेश दिए । क्याङसु, आनह्वी, क्याङतुङ, फुकिन र हुनान प्रान्तले तुरुन्तै युआन शिकाईको विरोधमा सेना परिचालन गरे । युआन शिकाईले आफ्नो सेना हुकाउमा केन्द्रित गरे र त्यसलाई कब्जा गरे, लि लिह-च्युन पराजित भए । अन्य प्रान्तहरूले स्वतन्त्रताको घोषणालाई फिर्ता लिए । दुई महिनापछि युआन शि काईविरोधी सैनिक अभियानले ठूलो क्षति भोग्यो ।

संसद्बाट आफू राष्ट्रपतिमा निर्वाचित हुन युआन शिकाईले १९१३ अक्टोबर महिनामा 'नागरिक समाज' को नाम दिएका गुण्डाहरूद्वारा निर्वाचनको दिन संसद् भवनलाई घेराउ गर्न दिए । ती गुण्डाहरूले संसद् सदस्यहरूलाई चेतावनी दिन लगाइयो -राष्ट्रपतिको निर्वाचन नटुङ्गेसम्म कसैलाई पनि संसद् भवनबाट बाहिर पठाइने छैन । यसरी गुण्डाहरूको तर्फबाट युआन शिकाईले राष्ट्रपति पद हत्याए ।

हुलदङ्गा र आतङ्कबिच गरिएको राष्ट्रपतिको निर्वाचनलाई संरा अमेरिकाले तत्काल मान्यता दियो र अरू साम्राज्यवादी शक्तिहरूले पनि युआन शिकाईलाई राष्ट्रपति स्वीकारे । युआन शिकाईले संसद् र कोमिनताङको विघटनको आदेश दिए र नानकिङको अन्तरिम सरकारले पारित गरेको आन्तरिम संविधानलाई खारेज गर्‍यो र १९१४ मई महिनामा 'चीनको गणतन्त्रको संवैधानिक मस्यौदा' घोषणा गर्‍यो ।

त्यस सक्रिय संवैधानिक मस्यौदाले एक सम्राटको सबै शक्ति राष्ट्रपतिमा निहित गर्‍यो । युआन शिकाईले नानकिङ अन्तरिम सरकारको राष्ट्रपतीय निर्वाचन ऐनलाई नयाँ अन्तरिम संवैधानिक सभाले संशोधन गर्न निर्देशन गर्‍यो । संशोधित निर्वाचन ऐनले राष्ट्रपतिको कार्यकाल अनिश्चितकालसम्म राखियो । उसले आफ्नो उत्तराधिकारी राख्ने अधिकार राख्न लगायो । यसरी उसको राष्ट्रपति पद आजीवन गराइयो र वंश परम्पराको बन्दोबस्त गराइयो । चीनमा पुन: ठुलठुला जमिनदारहरू र ठुलठुला कर्मचारीहरूको शासन स्थापना भयो तथा युआन शिकाईको सम्राट हुने महत्त्वाकाङ्क्षा पूर्णरूपले उदाङ्गियो ।


*सन् १९१२ जनवरीका दिन नानकिङ अन्तरिम सरकारको व्यवस्थापिका घोषणा समारोहमा सहभागी चिनियाँ नेताहरू (पहिलो पङ्क्तिको बायाँबाट पाँचौं स्थानमा डा. सन यात सेन)*

# प्रजग कोरिया–बेलारुस सम्बन्ध नयाँ चरणमा




सियोल, २६ मार्च (एएफपी)। पश्चिमी प्रतिबन्ध र भू-राजनीतिक दबाबबिच प्रजातान्त्रिक जनगणतन्त्र कोरिया र बेलारुसले आफ्नो सम्बन्धलाई औपचारिक रूपमा नयाँ उचाइमा पुऱ्याएका छन्। दुई देशका नेताहरूले 'मित्रता र सहयोग' सन्धिमा हस्ताक्षर गर्दै द्विपक्षीय सहकार्यलाई सुदृढ गर्ने सन्देश दिएका छन्। यसलाई बदलिँदो विश्व शक्ति सन्तुलनको सन्दर्भमा अर्थपूर्ण रूपमा हेरिएको छ।

प्योङयाङमा भएको भेटवार्ताका क्रममा प्रजग कोरियाका सर्वोच्च नेता किम जोङ उनले बेलारुसका राष्ट्रपति अलेक्जान्डर लुकाशेन्कोलाई न्यानो स्वागत गर्नुभएको राज्य सञ्चारमाध्यमहरूले जनाएका छन्। लुकाशेन्कोको यो प्रजग कोरियाको पहिलो भ्रमण हो, जसलाई दुवै देशबिचको सम्बन्ध विस्तारको सङ्केतका रूपमा लिइएको छ।

भेटका क्रममा लुकाशेन्कोले सोभियत युगदेखि कायम मित्रतालाई स्मरण गर्दै अहिलेको चरणलाई 'नयाँ विकासको युग' का रूपमा व्याख्या गर्नुभयो। उहाँले विश्वका प्रमुख शक्तिहरूले अन्तर्राष्ट्रिय कानुनको बेवास्ता गरिरहेको आरोप लगाउँदै स्वतन्त्र राष्ट्रहरूले अझ नजिक सहकार्य गर्नुपर्ने धारणा राख्नुभयो।

यसअघि राजधानी प्योङ्याङस्थित किम इल सुङ स्क्वायरमा भव्य स्वागत कार्यक्रम आयोजना गरिएको थियो, जहाँ तोप सलामी र सैनिक परेडमार्फत लुकाशेन्कोलाई सम्मान गरिएको थियो। भ्रमणका क्रममा उहाँले कुमसुसन प्यालेस अफ द सन पुगेर दिवङ्गत राष्ट्रपति किम इल सुङका पिता र हजुरबुवा किम जोङ इलप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो। साथै उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको तर्फबाट पनि पुष्पगुच्छा अर्पण गर्नुभएको जनाइएको छ।

यो सहकार्यलाई व्यापक रूपमा चीन र रुसले अघि बढाइरहेको 'बहुध्रुवीय विश्व' अवधारणासँग जोडेर हेरिएको छ। प्रजग कोरिया र बेलारुस दुवैले युक्रेन युद्धमा रुसलाई समर्थन गर्दै आएका छन्। बेलारुसले आफ्नो भूभागलाई आक्रमणका लागि प्रयोग गर्न दिएको छ भने प्रजग कोरियाले हजारौँ सैनिक, साथै हतियार र गोला-बारुद सहयोग गरेको पश्चिमी तथा दक्षिण कोरियाली गुप्तचर निकायहरूले अनुमान गरेका छन्।

यसअघि सन् २०२४ मा रुस र प्रजग कोरियाबिच भएको रणनीतिक साझेदारी सम्झौताले दुवै पक्षलाई आवश्यक परे सैन्य सहयोग गर्न बाध्य बनाएको छ। विश्लेषकहरूका अनुसार यस सहकार्यबाट प्रजग कोरियाले आर्थिक सहायता, खाद्यान्न, ऊर्जा र सैन्य प्रविधि प्राप्त गरिरहेको छ। यसले उसलाई चीनमाथिको निर्भरता घटाउन सहयोग पुऱ्याइरहेको छ।

बेलारुसका विदेशमन्त्री म्याक्सिम राइजेनकोभका अनुसार नयाँ सन्धिसँगै कृषि, औद्योगिक उत्पादन र व्यापारका विभिन्न क्षेत्रमा सहकार्य विस्तार गरिनेछ। उहाँले विशेष रूपमा औषधि उत्पादन र खाद्यान्न आपूर्तिमा सहकार्यको सम्भावना औँल्याउनुभयो। साथै प्रजग कोरियाबाट कस्मेटिक उत्पादनहरू आयात गर्ने विषयमा पनि चासो देखाइएको छ।

विश्लेषक ली हो-रयुङका अनुसार यो भ्रमणको मुख्य उद्देश्य पश्चिमी प्रभावविरुद्ध उभिएका राष्ट्रहरूबिच एकता प्रदर्शन गर्नु हो। उहाँका अनुसार किम जोङ उनले यस अवसरलाई आफ्नो कूटनीतिक प्रभाव विस्तार गर्ने र वैकल्पिक शक्ति समूहलाई बलियो बनाउने प्रयासका रूपमा प्रयोग गर्नुभएको छ।

# मध्यपूर्व द्वन्द्व चर्किँदै, वार्ता अनिश्चित

पेरिस, २६ मार्च (एएफपी)। मध्यपूर्वमा इरानसित संरा अमेरिका र इजरायलको जारी द्वन्द्व थप जटिल बन्दै गएको छ। एकातिर सैन्य आक्रमण तीव्र भइरहेका छन् भने अर्कोतिर कूटनीतिक पहलहरू अस्पष्ट र विरोधाभासी देखिएका छन्। इजरायल र इरानबिच प्रत्यक्ष आक्रमण आदानप्रदानसँगै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्तिहरूको भूमिकाले युद्धको दिशा अझ अनिश्चित बनाएको छ।

इजरायली सेनाले बिहीबार इरानका विभिन्न स्थानहरू, विशेषत: इस्फहानजस्ता केन्द्रीय सहरहरूमा बम आक्रमणको लहर चलाएको जनाएको छ। यसको जवाफमा इरानले प्रक्षेप्यास्त्र आक्रमण गरेपछि इजरायलले आफ्नो हवाई प्रतिरक्षा प्रणाली सक्रिय पारेको थियो।

युद्धको उद्देश्यबारे पनि नयाँ बहस सुरु भएको छ। पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले सामाजिक सञ्जालमार्फत स्ट्रेट अफ होर्मुज पुन: खोल्ने विषय युद्धको केन्द्रमा सरेको सङ्केत गर्नुभएको छ। सो जलमार्ग बन्द हुनु अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा ठूलो असर पार्ने भएकाले यसको रणनीतिक महत्त्व उच्च छ।

युद्धको असर विश्व अर्थतन्त्रमा समेत देखिएको छ। तेलको मूल्यमा वृद्धि भएको छ भने सेयर बजारमा मिश्रित प्रतिक्रिया देखिएको छ। ब्रेन्ट क्रुडको मूल्य एक प्रतिशतले बढेर १०३.२५ डलर प्रतिब्यारेल पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट १.२ प्रतिशतले बढेर ९१.४१ डलरमा कारोबार भइरहेको छ। एसियाली बजारमा उतारचढाव देखिँदा



लगानीकर्ताहरू सम्भावित कूटनीतिक समाधानको प्रतीक्षामा छन्।

चीनले भने परिस्थिति सुधारतर्फ सानो आशा देखिएको जनाएको छ। चिनियाँ विदेशमन्त्री वाङ यीले टर्की र इजिप्टका समकक्षीसँगको संवादमा इरान र अमेरिका दुवै वार्तामा फर्कन इच्छुक देखिएको सङ्केत गर्नुभएको छ। तर, यो दाबी अन्य पक्षहरूको भनाइसँग मेल खाँदैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा संलग्न रहेको तर सार्वजनिक रूपमा स्वीकार गर्न डराइरहेको आरोप लगाएका छन्। उनका अनुसार इरानी वार्ताकारहरू आफ्नै पक्षबाट जोखिममा पर्न सक्ने डरले खुलेर कुरा गर्न सकिरहेका छैनन्। तर, इरानका विदेशमन्त्री अब्बास अराघचीले स्पष्ट रूपमा वार्ता अस्वीकार गर्दै वर्तमान नीति 'प्रतिरोध' मा आधारित रहेको बताउनुभएको छ। उहाँले वार्ता गर्नु भनेको हार स्वीकार्नुसरह हुने धारणा राख्नुभएको छ।

यसबिच क्षेत्रीय तनाव थप बढाउने घटनाहरू पनि भएका छन्। कुवेतले इरान समर्थित हिजबुल्लाहसँग सम्बन्धित रहेको आरोपमा छ जनालाई पक्राउ गरेको छ, जसले देशभित्र आक्रमणको योजना बनाइरहेका थिए। उता इरानका संसद् अध्यक्ष मोहम्मद बाघेर घालीबाफले केही शत्रुहरूले क्षेत्रीय सहयोगमा इरानी टापुहरू कब्जा गर्ने योजना बनाइरहेको चेतावनी दिनुभएको छ।

खाडी क्षेत्रका देशहरू–साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन र जोर्डन–ले संयुक्त वक्तव्य जारी गर्दै इराकलाई आफ्नो भूमिबाट इरान समर्थित समूहहरूद्वारा हुने आक्रमण रोक्न आग्रह गरेका छन्।

यसैबिच, लेबनानस्थित हिजबुल्लाह समूहले इजरायलसँग कुनै पनि युद्धविराम वार्ता अस्वीकार गरेको छ। समूहका प्रमुख नइम कासिमले यस्तो वार्ता आत्मसमर्पण बराबर हुने बताउनुभएको छ। समूहले पछिल्लो दिन ८० भन्दा बढी आक्रमण गरेको दाबी गरेको छ भने दक्षिण लेबनानमा इजरायली आक्रमणबाट कम्तीमा आठ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ।

विपरीत दाबीहरूको बिचमा अमेरिकी पक्षले भने वार्ता जारी रहेको जनाएको छ। ह्वाइट हाउसका अनुसार अमेरिका र इरानबिच संवाद भइरहेको र त्यसले केही प्रगतिसमेत देखाएको छ, यद्यपि यसको विवरण पूर्ण रूपमा सार्वजनिक गरिएको छैन।

## विश्व सङ्क्षेप

### सुडानमा भएको ड्रोन आक्रमणमा २८ जनाको मृत्यु : स्वास्थ्यकर्मी

खार्तुम, २६ मार्च। सुडानमा भएको ड्रोन आक्रमणमा, कम्तीमा २८ जना सर्वसाधारणको मृत्यु भएको स्वास्थ्यकर्मीलाई उद्धृत गर्दै बिहीबार एएफपीले जनाएको छ। सुडानी सेना र अर्ध-सैनिक द्रुत समर्थन बल (आरएसएफ) बिचको लामो युद्धको कारण हाल दैनिक ड्रोन आक्रमणमा वृद्धि भएको छ जसमा एकै पटकमा दर्जनौँको निर्दोष नागरिकको ज्यान गएको जनाइएको छ।

उत्तरी डार्फर राज्यको सराफ ओमरा सहरको बजारमा भएको आक्रमणमा एक शिशु सहित २२ जनाको मृत्यु हुनका साथै थप १७ जना घाइते भएको स्थानीय क्लिनिकका एक स्वास्थ्य कार्यकर्तालाई उद्धृत गर्दै एएफपीले बताएको छ।

ड्रोनले पार्क गरिएको तेल ट्याङ्कमा प्रहार गर्दा ट्याङ्करसहित बजारको केही भागमा आगो लागेको सराफ ओमरा र दुर्गम डार्फर क्षेत्रका बजारका बिक्रेता हमिद सुलेमानले बताउनुभएको छ।

डार्फरमा आरएसएफको गढबाट करिब ८०० किलोमिटर पूर्वमा भएको अर्को ड्रोन आक्रमणका कारण सेनाको क्षेत्रको उत्तरी कोर्डोफान सडकमा कुदिरहेको ट्रकमा आगो लागेको जनाइएको छ। अस्पतालमा आएका छ वटा शवहरूमध्ये तीनवटा जलेका दस जना घाइते भएको जनाइएको छ।

एल-राहादको स्थानीय अस्पतालको चिकित्सा स्रोतले आक्रमणको दोष आरएसएफलाई दिएको एएफपीले बताएको छ।

सुडानमा लामो समय चलेको युद्धले दसौँ हजारको ज्यान लिनुका साथै लगभग एक करोड १० लाख विस्थापित भएको जनाइएको छ।

### बङ्गलादेशको पद्मा नदीमा बस खस्दा २३ जनाको मृत्यु

बङ्गलादेश, २६ मार्च (एएनआई)। बङ्गलादेशको पद्मा नदीमा बस खस्दा २३ जनाको मृत्यु हुनुका साथै धेरै घाइते भएको अधिकारीहरूले बताएका छन्।

प्रहरी निरीक्षक रसेल मोल्लालाई उद्धृत गर्दै एएनआईलाईले दुर्घटना रातीको समयमा भएकाले उद्धार कार्य केही समयका लागि रोकिएर उज्यालो भएपछि पुन: सुरु भएको बताउनुभएको छ।

उहाँले अहिलेसम्म २३ जनाको शव बरामद गरेको उल्लेख गर्दै त्यहाँ अझै कोही बेपत्ता हुन सक्ने बताउनुभएको छ। राति उद्धार अभियान केही हदसम्म रोकिए तापनि सेना, अग्नी नियन्त्रण सेवा प्रहरीलगायतको समूहहरूले संयुक्त उद्धार अभियान चलाइरहेको उहाँले बताउनुभएको छ।

करिब ४० जना यात्रु बोकेको बस राजबारीबाट ढाका जाँदै गर्दा ढाकाबाट १२८ किलोमिटर टाढा छद्यौलतदियाको 'फेरी टर्मिनल' नम्बर -३ अगाडिबाट साँझ ५:०० बजे पद्मा नदीमा खसेको जनाइएको छ।

ढाका ट्रिब्यूनका अनुसार बुधबार साँझ राजबारीको दौलतदिया नजिक पद्मा मदीको किनारमा पारिवारिक वियोगका कारण शोकाकुल आफन्तहरू भेला भएका थिए, उद्धार टोलीहरूले यात्रु बस र नदीमा खसेका मानिसहरूको खोजी गरिरहेको थियो।

### इरानी आक्रमणको जवाफ दिएको इजरायलको दाबी

जेरुसेलम, २६ मार्च (एएफपी)। इजरायली सेनाले बिहीबार इरानको क्षेप्यास्त्र आक्रमणको जवाफ दिएको दावी गरेको छ।

सेनाले विज्ञप्ति जारी गर्दै इरानबाट इजरायलको क्षेत्रमा प्रहार गरिएका क्षेप्यास्त्रहरूको स्पष्ट पहिचान गरी जवाफ दिएको उल्लेख गर्दै खतरा रोक्नका लागि रक्षात्मक प्रणालीहरू सञ्चालन भइरहेको जानकारी दिएको छ।

पहिलो आक्रमणपछि सेनाले स्थानीय बासिन्दाहरूलाई देशका विभिन्न क्षेत्रका संरक्षित ठाउँ छोड्न अनुमति दिइएको थियो। इजरायलको 'म्यागेन डेभिड एडम' आपत्कालीन चिकित्सा सेवाले आक्रमणमा कुनै हताहतको रिपोर्ट नभएको बताएको छ। सेनाले यसअघि इरानबाट मिसाइल आक्रमण हुने घोषणा गरेको १४ घण्टापछि यो आक्रमण भएको जनाइएको छ। इजरायलमा लेबनानबाट रातारात आक्रमण भएको थियो, जहाँ इरान समर्थित लडाकू समूह हेजबुल्लाहले सैन्य स्थलहरूलाई लक्षित गरी श्रृङ्खलाबद्ध आक्रमण गरेको दाबी गरेको थियो।

### जिबूती तटमा आप्रवासी बोकेको डुङ्गा पल्टिँदा नौ जनाको मृत्यु, ४५ बेपत्ता

इथियोपिया, (एडिस-अबाबा), २६ मार्च (सिन्हवा)। जिबूतीको तटमा आप्रवासी बोकेको डुङ्गा पल्टिएर दुर्घटनाग्रस्त भएपछि कम्तिमा नौ जना आप्रवासीको मृत्यु हुनुका साथै अन्य ४५ जना बेपत्ता भएको आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) ले बिहीबार जनाएको छ।

गत मार्च -२४ को राति जिबूतीको तटमा ३२० जना आप्रवासी यात्रुहरू बोकेको जहाज दुर्घटना भएको आईओएमले सामाजिक सञ्जाल एक्समार्फत जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय आप्रवासन एजेन्सीले जिवित तथा बेपता मानिसहरूलाई सहयोग गर्न र खोजी र उद्धार प्रयासहरू स्थानीय अधिकारीहरूसँग मिलेर गरिरहेको बताएको छ।

पछिल्लो त्रासदीपूर्ण घटना जिबूतीको लाल सागर तटमा रिपोर्ट गरिएका धेरै घातक दुर्घटनाहरूमध्ये एक भएको जनाइएको छ। द्वन्द्वग्रस्त यमन हुँदै मध्यपूर्व पुग्ने आशामा धेरै आप्रवासीहरूले डुङ्गाको खतरनाक यात्रा गर्ने गरेको जनाइएको छ।

## सन्दर्भः ज्ञानबहादुर न्याइच्याईको १५औं स्मृति

# ज्ञानबहादुर न्याइच्याईको सङ्क्षिप्त जीवनी

ज्ञानबहादुर न्याइच्याईको जन्म सामान्य गरिब किसान परिवारमा विसं १९९२ वैशाख १५ गते भक्तपुरको भार्वाचो टोलमा भएको थियो। पिता पूर्णबहादुर र माता कृष्णमायाको जेठो सन्तानका रूपमा जन्मनुभएका न्याइच्याई जनताको सुख दुःखसँगै हुर्किनुभयो।

गरिब किसान परिवार भएकोले उहाँले विद्यालयको औपचारिक शिक्षा पाउनुभएन। उहाँसँग गुरुको घरमा गई अध्ययन गरेको अनुभवमात्र थियो। २००२ सालमा बाजे कृष्णवीर न्याइच्याईको अकस्मात् निधनले परिवारमा समस्या उत्पन्न भयो। लगत्तै २००४ सालमा पिता पूर्णबहादुर न्याइच्याईको निधनले परिवारको अवस्था झनै दयनीय भयो।

विधवा कृष्णमाया न्याइच्याईंको निम्ति जेठो छोरा ज्ञानबहादुर न्याइच्याई, माइलो काजीबहादुर न्याइच्याई, कान्छो गणेशबहादुर न्याइच्याई र १८ महिनाको छोरीको लालनपालन गर्न ठुलो चुनौती बन्यो। एकपछि अर्को पारिवारिक पीडा तथा दयनीय आर्थिक अवस्थाका कारण दूधे छोरीलाई घरमा छोडी खेती वा पराइ घरको मजदुरी गर्नु माता कृष्णमायाको बाध्यता बन्यो। कामको सिलसिलामा घर बाहिर रहँदा १८ महिनाको छोरीको निधन भयो। यसले आमा कृष्णमाया न्याइच्याईको मानसिक सन्तुलन गुम्न पुग्यो। त्यही अवस्थामा २०२२ सालमा आमा कृष्णमाया न्याइच्याईको निधन भयो।

ज्ञानबहादुर न्याइच्याईको विवाह २०१२ सालमा साबिक भनपा वडा नं ६ बस्ने बिकुमाया दुवालसँग भएको थियो। २०१३ सालमा जन्मेको पहिलो सन्तान ज्ञानकाजीको कुकुरको टोकाइको कारण समयमा उपचार नपाएर २०२४ सालमा ९ वर्षको उमेरमा मृत्यु भएको थियो।

ज्ञानबहादुर न्याइच्याई सबै समस्याहरूको समाधान आफैले गर्न गाह्रो हुने कुराबाट सचेत हुनुहुन्थ्यो। गरिब किसानहरूको सेवा गर्नुपर्दछ भन्ने भावनाको विकासले उहाँ वि.सं २००९ सालदेखि नै जनताको सेवामा सक्रिय हुनुभयो। उहाँको लगनशीलताले छिट्टै नै एक किसान कार्यकर्ताको रूपमा चिनिनुभयो। उहाँको कार्य र मेहनतको कारण नेपाल कम्युनिस्ट पार्टीले उहाँलाई २०१३ सालमा अखिल नेपाल किसान सङ्घको सदस्यता प्रदान गऱ्यो। २०१३-१४ सालमा उहाँले नेपाल कम्युनिस्ट पार्टीको सदस्यता पाउनुभयो।

सङ्घको निर्देशनमा किसानहरूको हकहितका लागि उहाँ विभिन्न क्रियाकलापमा लाग्नुभयो। सोही सिलसिलामा गरिब किसानहरूको हकहितको विषयमा सांस्कृतिक गतिविधिमा सक्रिय हुनुभयो। एकदिन नाटक मञ्चनमा भाग लिँदा कमजोर भई उहाँ बेहोस हुनुभयो र एक महिनासम्म बिरामी हुनुभयो। उहाँको स्वास्थ्य सुधारका लागि मित्रहरू नारायणदास फाजु, आसबहादुर दुवाल र हरि शिल्पकारले आत्मीय सहयोग गर्नुभएको थियो।

देशमा राणा शासनको अन्त र प्रजातन्त्र स्थापना भए पनि जनताले वास्तविक प्रजातन्त्रको अनुभूति प्राप्त गर्नसकेनन्। त्यसकारण, प्रजातन्त्रको लागि आम निर्वाचनको माग गरी २०१४ सालमा भएको भद्र अवज्ञा आन्दोलनबाट उहाँ सक्रिय राजनीतिमा लाग्नुभयो। २०१५ सालमा भएको भूमि नापीमा पनि उहाँ किसानहरूको हितमा सक्रिय रहनुभयो। सङ्गठनको निर्देशनअनुसार २०१५ सालको आम निर्वाचनमा कम्युनिस्ट उम्मेदवार गणेशप्रसाद मानन्धरलाई जिताउन प्रचारप्रसारमा सक्रिय हुनुभयो। २०१६ सालमा भक्तपुरमा झाडाबान्ताको प्रकोप भएको थियो। त्यसबेला अखिल नेपाल किसान सङ्घको तर्फबाट स्वयम्सेवकको रूपमा खटिनुभयो र नथाकिकन बिरामीहरूको सेवा गर्नुभयो। २०१७ सालमा निर्वाचित सरकारको विघटन भयो र प्रजातन्त्र कुण्ठित भयो। उहाँले जनतामाझ प्रजातन्त्रको हत्याको विरोधमा भूमिगतरूपमा आफ्नो सक्रियतालाई कायम राख्नुभयो।

तत्कालीन राजनैतिक अवस्थाबारे त्यसबेला कम्युनिस्ट नेताहरूमा फरक-फरक दृष्टिकोण आइसकेको थियो। नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँका साथ उहाँ प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ-संस्थाभित्र पसेर जनताको सेवा गर्ने पक्षमा उभिनुभयो। २०१९ सालको चुनावमा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र प्रवेश गरी जनताको सेवा गर्ने पार्टी नीतिअनुसार उहाँ वडा सदस्यमा उम्मेदवार बन्नुभयो। प्रतिक्रियावादीहरूको जालझेल तथा गैरराजनैतिक क्रियाकलापबारे बुझ्न नसक्दा उहाँ निर्वाचनमा पराजित हुनुभयो। जनताको सेवा गर्न निर्वाचनमा पराजित भएर केही फरक पर्दैन। उहाँ अखिल नेपाल किसान सङ्घलाई जनताको घरदैलोमा पुऱ्याई जनताको सेवा गर्न समर्पित हुनुभयो।

अखिल नेपाल किसान सङ्घको माध्यमद्वारा किसानहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन ज्ञानबहादुर न्याइच्याई प्रयासरत हुनुहुन्थ्यो। २०२५ सालको भूमिसुधारलाई विभिन्न पार्टीका नेताहरू शाही भूमिसुधार भन्दै विरोध एवं बहिष्कारका नारा दिइरहेका थिए। अध्यक्ष नारायणमान बिजुक्छेँले बहुसङ्ख्यक किसानहरूको हित हुने भएको हुँदा २०२१ सालको भूमिसुधारलाई सही सदुपयोग गर्न निर्देशन दिनुभयो। खेत-खेतमा गएर खेत जोत्नेको नाम राखी मोहियानी हक कायम गर्न प्रचारप्रसारमा लाग्न कार्यकर्ताहरूलाई निर्देशन दिनुभयो। निर्देशनअनुसार ज्ञानबहादुर न्याइच्याई कटुन्जे, गुण्डु, सिरुटार, बालकोट क्षेत्रमा किसानहरूको मोहियानी हक कायम गर्न महिनौं खट्नुभयो। २०२१ सालको भूमिसुधारलाई सही सदुपयोग नगरेको भए आज भक्तपुरका अधिकांश किसानहरूको अवस्था तराईका हलिया र कमैयाहरूको जस्तै हुने थियो।

२०२५ सालमा भारतले नेपालको सुस्ता क्षेत्रमा अतिक्रमण गरी कब्जा जमायो। भारतको त्यस विस्तारवादी नीतिको विरोधमा भक्तपुरका जनताले जुलुस निकाले। ज्ञानबहादुर त्यस सङ्घर्षमा सक्रिय रहनुभयो। २०२५ साल र २०२६ सालमा नवदुर्गा सहकारी संस्थाका पदाधिकारीविरुद्ध भ्रष्टाचारविरोधी आन्दोलन हुँदा पनि उहाँले सक्रिय भाग लिनुभएको थियो।

बहुसङ्ख्यक किसानहरूको हित नचाहने सामन्ती सोचबाट अभिप्रेरित पञ्चायतले भूमिसुधार घोषणा गरेको थियो। प्रतिक्रियावादी शोषकहरूले विभिन्न बहाना बनाई मोहियानी हक खोस्ने अभियान चलाए। सङ्गठनको निर्देशनमा मोहियानी हक जोगाउन साँढे धपाउने आन्दोलन, भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलन, मोही आन्दोलनलगायत कानुनी र गैरकानुनी आन्दोलनको नेतृत्व ज्ञानबहादुर न्याइच्याईलगायतले गर्नुभएको थियो। २०२७ सालमा भक्तपुरमा सामन्तवर्गको विरोधमा बाली काट्ने आन्दोलनमा भाग लिएको कारण उहाँलाई पञ्चायती सरकारले पक्राउ गऱ्यो। सुरुमा चोरीको अभियोग लगाइयो। अदालतले बाली मुद्दामा चोरी नठहरिने फैसला दिएपछि सार्वजनिक सुरक्षा कानुनअन्तर्गत नख्खु जेलमा थुन्यो। चोरी अभियोगमा जिल्ला प्रहरी कार्यालयमा १४-१५ दिन र सार्वजनिक सुरक्षा कानुनअन्तर्गत नख्खु जेलमा उहाँ ३ महिना थुनामा पर्नुभयो। तर जेल, नेल र हतकडीले सङ्घर्षशील न्याइच्याईको सिद्धान्त र विचारलाई बाँध्न सकेन।

नेपाल कम्युनिस्ट आन्दोलनमा देखिएको खोटा चिन्तनहरूको कारण अखिल नेपाल किसान सङ्घको नाउँबाट भइरहेको राजनैतिक गतिविधि २०२५ सालबाट नेपाल क्रान्तिकारी किसान सङ्घ र २०३१ सालबाट नेपाल मजदुर किसान सङ्गठनको नामबाट खुलेर राजनैतिक गतिविधिको सुरुआत भयो। सङ्गठनका अध्यक्ष नारायणमान बिजुक्छेँको भूमिगत भएका कारण उहाँकै निर्देशनमा सङ्गठनको गतिविधि गर्न ज्ञानबहादुर न्याइच्याईलगायतले सक्रिय भूमिका निभाउनुभएको थियो। त्यसै सिलसिलामा भएको सुस्ता आन्दोलन, अमेरिकाद्वारा गरिएको भियतनाममा गरिएको आक्रमणको विरोधमा पाकिस्तानी राष्ट्रपति जुल्फीकर अलि भुट्टोलाई फाँसी दिएको विरोधमा, निरङ्कुश पञ्चायती व्यवस्थाको विरोधमा भएको आन्दोलनमा उहाँले सक्रिय भूमिका निभाउनुभएको थियो।

जनआन्दोलनबाट जनमतसङ्ग्रहको घोषणापछि उहाँ बहुदलको पक्षमा सक्रिय हुनुभयो। २०३७ सालको जनमतसङ्ग्रहमा बहुदललाई जिताउन जनताको घरदैलोमा पुगी प्रचारप्रसारमा लाग्नुभयो। उहाँको रोचक र सरल भाषण शैलीले भक्तपुरका मतदाताहरूलाई बहुदलको पक्षमा मतदान गर्न निकै सघाएको थियो। तर, त्यसबेला अरू राजनैतिक दलका केही नेताहरूले कहिले बहिष्कार र कहिले विरोधका कारण झिनो मतले बहुदलको हार भएको थियो।

२०३५ सालअगाडि भएका अमेरिकी साम्राज्यवादविरोधी र २०३५ सालपछाडि भएका रुसी सामाजिक साम्राज्यवादविरोधी गतिविधिहरूमा पनि उहाँ सक्रिय रहनुभयो। यसबाट उहाँ अन्तर्राष्ट्रिय भावनाले ओतप्रोत देशभक्त हुनुहुन्थ्यो भन्ने थाहा हुन्छ।

२०२६ सालमा हैजा र झाडाबान्ताजस्ता रोग जिल्लाभरि फैलिएको थियो। बिरामी उपचार गर्न अस्पतालमा ठाउँको अभाव भएको थियो। हनुमन्ते खोला किनारमा रहेका पाटीहरूमा बिरामीहरूको उपचार भइरहेको थियो। रोगको महामारीकै कारण त्यसबेला घाटमा मुर्दा जलाउनेसम्म ठाउँको अभाव भयो। त्यस्तो अवस्थामा बिरामी उपचारका लागि ज्ञानबहादुर न्याइच्याई सक्रियरूपमा स्वास्थ्य स्वयम्सेवकको रूपमा खटिनुभयो। सोही घटनाका कारण भक्तपुर नगर पञ्चायतमा जनप्रतिनिधिको रूपमा प्रवेश गर्दा उहाँ सडक गल्लीमा आफै च्वाफी लिई सरसफाइमा लाग्नुभयो।




यसरी भक्तपुरका गरिब किसानहरूको हकहितमा निरन्तर लागिपरेका कारण २०३९ सालको स्थानीय निर्वाचनमा पार्टीको तर्फबाट प्रधानपञ्चको उम्मेदवार बन्नुभयो। जनताको विश्वासले अत्यधिक मत पाई उहाँ विजयी हुनुभयो। प्रधानपञ्च भएदेखि नै भक्तपुरलाई सरसफाइमा दिएको विशेष जोडका कारण भक्तपुर नगर हालको अवस्थामा पुगेको हो। नगर पञ्चायतको निर्णय र गतिविधि जनतासमक्ष पारदर्शी गर्न भनपाले 'पञ्चायत' पत्रिका प्रकाशन गऱ्यो। उहाँकै कार्याविधिमा नगरपञ्चायतले कक्षा ६ र ७ निःशुल्क गर्ने निर्णय गरेको थियो।

आफ्नो क्षमताले भ्याएसम्म नगर पञ्चायतमा प्रधानपञ्च भई सेवा गर्नुभयो। भक्तपुर नगर पञ्चायतमा प्रधानपञ्च हुँदा उहाँले जर्मनीको १४ दिनको भ्रमण पनि गर्नुभएको थियो। नेपालभरका नगरहरूमा पहिलोपल्ट २०४३ सालमा नगर खेलकुद समिति गठन भयो, त्यो पनि उहाँकै अध्यक्षतामा।

२०४४ सालकै स्थानीय निर्वाचनमा पार्टीको निर्देशनमा १७ वडाबाट वडा अध्यक्षमा उम्मेदवारी दिनुभयो र अत्यधिक मतले विजयी हुनुभयो। प्रधानपञ्च भइसकेको व्यक्ति वडाध्यक्ष हुनुपर्दा उहाँमा कुनै हिनताबोध भएन। उहाँ भन्नुहुन्थ्यो, "पार्टीले जो जहाँ उपयुक्त हुन्छ त्यहाँ त्यसैले काम गर्नुपर्छ, व्यक्तिगत महत्त्वाकाङ्क्षा राख्नुहुन्न।"

२०४५ साल भदौ ९ गते राज्यस्तरबाट गरिएको भक्तपुर काण्डको सिलसिला राति १२ बजे पक्राउ पर्नुभयो र २० महिना जेल जीवन बिताउनुभयो। राष्ट्रिय जनआन्दोलनको सफलतापछि उक्त जाली मुद्दा खारेज भयो र अरू साथीहरूसहित उहाँ पनि मुक्त हुनुभयो।

पञ्चायती सरकारले भक्तपुर काण्ड गरी तत्कालीन नेपाल मजदुर किसान सङ्गठन समाप्त पार्ने कुचेष्टा गरेको थियो। भक्तपुर काण्डको कारण नारायणमान बिजुक्छेँलगायत ६७ जनालाई ज्यान मुद्दामा फसाइएको थियो। सम्पूर्ण बन्दीहरूले जतिसुकै यातना दिँदा पनि सिद्धान्तमा विचलित नभइकन सहेका थिए। बन्दीहरूले पञ्चायत व्यवस्थाको अन्तका लागि भएको जनआन्दोलनलाई भित्रभित्रै सहयोग गरिरहेका थिए। अन्तमा, पञ्चायती व्यवस्था अन्त भयो र बहुदलीय व्यवस्थाको पुनःस्थापना भयो।

२०४६ चैत २६ गते बहुदलीय व्यवस्थाको घोषणापछि नेपाल मजदुर किसान पार्टीको नीति निर्देशनमा सङ्गठन विकास र विस्तार गर्न ज्ञानबहादुर न्याइच्याई निरन्तर खट्नुभयो। बहुदल पुनःस्थापनापछि भएको नेपाल मजदुर किसान पार्टी भक्तपुरको प्रथम जिल्ला सम्मेलनले उहाँलाई निर्विरोध जिल्ला अध्यक्ष निर्वाचित गरेको थियो।

२०४९ सालको स्थानीय निर्वाचनमा पुनः भक्तपुर नगरपालिकाको मेयर हुनुभयो। मेयर भएदेखि उहाँले भक्तपुरलाई सफा, सभ्य र सांस्कृतिक नगरको रूपमा विकास गर्नमा निरन्तरता दिनुभयो। २०५० सालमा उहाँको कार्यकालमा भक्तपुर प्रवेश गर्ने पर्यटकसँग सेवा शुल्क लिन थालिएको थियो। नगर प्रमुख रहेको बेला २०५३ सालमा उहाँले बेलायतको बाथ नगरपालिकाको भ्रमण गर्नुभएको थियो। त्यस भ्रमणबाट प्राप्त अनुभव उहाँले भक्तपुर नगरपालिकाको विकास निर्माण कार्यमा लगाउनुभयो।

२०५४ सालको निर्वाचनमा उहाँ १७ वडाको वडाध्यक्षमा निर्वाचित हुनुभयो। उहाँहरूको लगनशीलताले सभ्य सांस्कृतिक नगर बनाउन भक्तपुरका जनता उत्साहित छन्।

उहाँले कुनै औपचारिक स्कूल र कलेजबाट डिग्री प्राप्त गर्नुभएको थिएन। तर, जनताका कार्यकर्ताका लागि जनता नै सबैभन्दा ठूलो विश्वविद्यालय हो र जनहितको सङ्घर्ष नै प्रयोगशाला हो भन्ने तथ्य जनताबाट उहाँले पाउनुभएको माया, स्नेह र आदरबाट पुष्टि हुन्छ। आफू औपचारिक शिक्षाबाट वञ्चित हुनुपरे पनि नयाँ युगलाई शिक्षित पार्न उहाँ विद्यालय र पुस्तकालय निर्माण गर्न टोल-टोलमा शिक्षालय खोली शिक्षा प्रचार गर्न सक्रिय हुनुभयो।

पञ्चायतकालमा प्रधानपञ्चमा निर्वाचित भई नगरवासीहरूको हितमा भएको कार्य, नगर पञ्चायतको स्वायत्तता रक्षा गर्न गरेको प्रयास नगरवासीहरूप्रतिको निश्चल व्यवहार, भ्रष्टाचार र ढिलासुस्तीविरुद्धको कदम नागरिक भावना विकास गर्न र सरसफाइ निम्ति चलाइएको अभियानमा प्रधानपञ्च भएर पनि जनताको जुलुसमा सहभागी भएबाट उहाँ जनताप्रति प्रतिबद्ध जनसेवक हुनुभएको प्रमाणित हुन्छ।

आफ्नो धार्मिक सहिष्णुताको परिचय उहाँले धर्मोदय सभा भक्तपुर जिल्ला समितिको उपाध्यक्ष भएर काम गरेबाट पुष्टि हुन्छ। उहाँ बाराही पीठ विकास समिति र बौद्ध दर्शन अध्ययन समाजका संस्थापक अध्यक्ष हुनुहुन्थ्यो। त्यस्तै भाषा र साहित्यप्रेमी ज्ञानबहादुर न्याइच्याई गणेश निमाविको संस्थापक तथा ज्ञान विजय निमावि सञ्चालक समितिका सदस्य हुनुहुन्थ्यो। २०६६ सालमा सम्पन्न नेपाल क्रान्तिकारी किसान सङ्घको प्रथम राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित उहाँ २०६६ सालदेखि नेपाल मजदुर किसान पार्टीको केन्द्रीय सल्लाहकारको रूपमा जीवनको अन्तिम दिनसम्म रहनुभएको थियो।

नेमकिपा भक्तपुर नगर समितिमा अध्यक्षलगायत विभिन्न पदहरूमा रही जीवनभर उहाँले गरिब र काम गरिखाने वर्गका जनताको सेवा गर्नुभयो।

एक किसान भए तापनि उहाँले मजदुर र अन्य काम गरी खाने वर्गको समस्या लिएर आवाज राख्दै आउनुभएको थियो। सामन्तवादको विरोधमा सम्पूर्ण थिचिएका किसान, मजदुर, निम्न तथा मध्यम वर्ग एकजुट हुनुपर्छ भन्ने उहाँको धारणा थियो। विदेशी पुँजीलाई प्राथमिकता दिने नीतिविरुद्ध राष्ट्रिय पुँजीपतिवर्गलाई उठाउनुपर्छ भन्ने ज्ञानबहादुर न्याइच्याई शोषणरहित समाज र राज्यविहीन विश्वको सिद्धान्तमा आस्था र विश्वास राख्नुहुन्थ्यो।

नेपाल मजदुर किसान पार्टी गरिब कामदार जनताको उत्थानका लागि निरन्तर लागिपरेको छ। उहाँ परिवारबीच बरोबर भन्नुहुन्थ्यो, "सके पार्टी विकास र विस्तारमा हिँड, नभए समर्थन गर, विरोधमा कहिल्यै नजाऊ, बरु आ-आफ्नो पेसा गरेर खाऊ, अरूको कहिल्यै कुभलो नचिताऊ।" उहाँको सरलता र सोझोपनका कारण विभिन्न व्यक्तिले फाइदा उठाउने प्रयास गरेका थिए। तर, साथीहरूको सतर्कताका कारण सफल हुन दिएन।

उहाँ चिनी रोगले पीडित हुनुहुन्थ्यो। प्रेसरको पनि रोग थियो। खाना नरुच्ने, टाउको दुख्ने रोगका कारण लामो समयसम्म उहाँमा शारीरिक अस्थिरता देखापऱ्यो। पछि ब्रेन ट्युमर भएको पुष्टि भयो। २०६७ फागुन १५ गते उहाँलाई ओम अस्पतालमा भर्ना गरियो। चिकित्सकहरूको सल्लाहअनुसार फागुन १९ गते अप्रेसन गरिएको थियो। चैत ९ गतेसम्ममा राम्रो प्रगति देखिएको थियो। २८ दिनको लामो उपचारपछि उहाँको स्वास्थ्यमा अचानक समस्या देखापऱ्यो र २०६७ चैत १२ गते उहाँको दुःखद निधन भयो। ७५ वर्षको जीवनमा उहाँले देश र जनताको लागि गर्नुभएको योगदान सदा सम्झिरहनेछ।

**स्रोतः स्मृतिमा ज्ञानबहादुर दाइ**

# किसान नेता ज्ञानबहादुर न्याइच्याईको १५ औँ स्मृति सभा




भक्तपुर, १२ चैत । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीका पूर्वकेन्द्रीय सल्लाहकार एवम् नेपाल क्रान्तिकारी किसान सङ्घका पूर्वकेन्द्रीय सदस्य ज्ञानबहादुर न्याइच्याईको १५ औँ स्मृति सभा बिहीबार सम्पन्न भयो ।

उक्त स्मृति सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले अग्रज किसान नेता ज्ञानबहादुर न्याइच्याई स्मरणयोग्य व्यक्तित्व हुनुहुन्छ भन्नुभयो । आज हामीले आ-आफ्नो घर-घरमा छोरा नातिहरूलाई विगतका घटनाहरूलाई कथाको रूपमा सुनाएर प्रशिक्षण दिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नयाँ पुस्तालाई देश विदेशको घटनाक्रमसँगै नृत्य, नाचगान तथा अन्य रचनात्मक प्रदर्शनहरूबाट पनि सचेत र सङ्गठित पार्नसक्ने उल्लेख गर्नुभयो ।

उहाँले विगतमा किसानहरूलाई घर-घरमा प्रौढकक्षा र साक्षरता कक्षाबाटै शैक्षिक गतिविधि बढाइएको कारण भक्तपुरमा शैक्षिक प्रगति आजको अवस्थामा पुऱ्याउन सकेको हो भन्नुभयो ।

उहाँले व्यवहारिक ज्ञानकै कमीले राष्ट्रिय सम्पत्ति विध्वंश भएको बताउनुभयो । उहाँले भन्नुभयो, “समय परिवर्तनसँगै षड्यन्त्रहरू पनि फरक ढङ्गले दोहोरिने सम्भावनालाई मध्यनजर गरी अघि बढ्नुपर्छ । हामी देशघाती, जनघाती सन्धि तथा सम्झौता, नागरिकता विधेयक, एमसीसी सम्झौता, एसपीपीविरुद्ध सङ्घर्षरत छौँ ।”

राजनैतिक कार्यकर्ताहरूले पार्टीको निर्देशनअनुसार लागिरहनुपर्ने उल्लेख गर्दै उहाँले समयमै हरेक गल्ती र त्रुटीको आत्म-समीक्षा गर्दै आलोचना तथा आत्मलोचनालाई निरन्तरता दिनुपर्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले ज्ञानबहादुर न्याइच्याईको स्मृति सभा मनाइरहँदा हामी हरेक कार्यकर्ताहरूले आत्मसमीक्षा गरी देश र जनताको नि:स्वार्थ रूपले सेवा गर्ने भावना सबैमा हुनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले २०२५, २६ सालको भ्रष्टाचारविरोधी आन्दोलनबाटै सिकेर सहकारी पीडितहरूको समस्या समाधान गर्ने सिलसिलामा भएको अनर्गल प्रचारविरुद्ध वास्तविक घटनाक्रमबारे जनतालाई सचेत पार्नुपर्छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको स्मृति सभामा सूर्यबहादुर फोजुले पनि ज्ञानबहादुर न्याइच्याईको योगदानबारे चर्चा गर्नुभयो ।


## हार्दिक समवेदना



यस संस्थाका संस्थापक सह कोषाध्यक्ष तथा सदस्यता नं. ०६ का सदस्य **जयन्द्र जोन्छें**को असामयिक निधन भएकोमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्नसक्ने क्षमता प्रदान गरून् भन्ने भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म**: २०२२/०५/०६
**निधन**: २०८२/१२/०४

**उत्तरार्द्धजीवन व्यवस्थापन केन्द्र**
तथा उत्तरार्द्धजीवन साकोस, भक्तपुर


*चीन...*

हालको प्राथमिकता भनेको शान्ति वार्तालाई प्रोत्साहन गर्ने, शान्तिको अवसरलाई सदुपयोग गर्ने र युद्धको आगो निभाउन पहल गर्ने नै हो भन्दै चीनले परिस्थिति शान्त बनाउन मद्दत गर्ने सबै प्रयासलाई समर्थन गरेको विचार व्यक्त गर्नुभयो । सबै पक्षले वास्तविक रूपमा अर्थपूर्ण र इमानदार वार्ताका लागि ढोका खोल्ने वातावरण सिर्जना गर्न एकै दिशामा अग्रसर हुनुपर्दछ र चीन यसका लागि रचनात्मक भूमिका खेल्न सदैव तयार छ भन्ने कुरा पनि उहाँले बताउनुभयो ।


## हार्दिक समवेदना



भक्तपुर जिल्ला हाल सू.न.पा. वडा नं. ८ तौडोल टोल बस्ने यस संस्थाका सदस्यता नं. ११७७५ का सदस्य **पार्वती थापा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म**: २०५३/०५/२३
**निधन**: २०८२/११/१७

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप कलेज

देकोचा, भक्तपुर–६, नेपाल, फोन नं. ६६१०९३२

### दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/१३ गते**

वाग्मती प्रदेश सरकार, शिक्षा विकास निर्देशनालय हेटौडाबाट ख्वप कलेजको लागि आवश्यक फर्निचर खरिद शीर्षकअन्तर्गत प्राप्त अनुदान रकमबाट ख्वप कलेज सञ्चालक समितिको निर्णयअनुसार कलेजको लागि आवश्यक फर्निचरहरू सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ उपदफा (१) खण्ड (क) तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५(क) उपनियम४ अनुसार सोझै खरिद गर्नुपर्ने भएकोले यस कलेजमा सूचिकृत फर्म, व्यवसायी, कम्पनीहरू तथा हालसम्म सूचिकृत नभएका सामान आपूर्ति गर्न इच्छुक फर्म/व्यवसायी वा कम्पनीहरूले नियमानुसार सामान आपूर्तिको लागि सुची दर्ता गरी दरभाउपत्र पेस गर्नुहुन सम्पूर्णमा सूचित गरिन्छ ।

**दरभाउपत्र फाराम लिने तथा दर्ता गर्ने अन्तिम मिति** : २०८२ चैत २० गते दिउँसो १२:०० बजेसम्म
**दरभाउपत्र खोल्ने मिति** : २०८२ चैत २० गते दिउँसो १:०० बजे ।
**कार्यालय समय** : बिहान ८:०० देखि ३:०० बजेसम्म मात्र ।

| S. N. | Descriptions | Quantity | Unit |
|---|---|---|---|
| 1. | Supply, Delivery and Placing of Single Seater Table | 50 | Nos. |
| 2. | Supply, Delivery and Placing of Donlap Chair | 50 | Nos. |



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

### ज्येष्ठ सदस्य सम्मान कार्यक्रमसम्बन्धी सूचना

**२०८२ वैशाखदेखि चैत मसान्तसम्ममा ७० वर्ष पुगेका यस संस्थाका ज्येष्ठ सदस्य एवं बचतकर्ताहरूलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमा हुने ज्येष्ठ सदस्य सम्मान कार्यक्रममा उपस्थित हुन सम्बन्धित सम्पूर्ण ज्येष्ठ सदस्यहरूलाई अनुरोध गरिएको छ ।**



### ज्येष्ठ सदस्य सम्मान कार्यक्रम

**मिति** : २०८२/१२/१४ गते, शनिबार
**समय** : बिहान ११:४५ बजेदेखि
**स्थान** : संस्थाको तालिम हल, खँचा

**पुनश्च : सोही दिन बिहान १० बजेदेखि ज्येष्ठ सदस्यहरूलाई सामान्य स्वास्थ्य परीक्षणका साथै औषधि पनि वितरण हुने जानकारी गराइन्छ ।** **सञ्चालक समिति**

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भनपा २, ब्यासी, भक्तपुर

### कम्प्युटर तालिम सञ्चालनसम्बन्धी सूचना

यस नगरपालिकाद्वारा सञ्चालन हुने कम्प्युटर तालिम निम्न मिति, समय र स्थानमा हुने व्होरा अन्तर्वार्तामा सहभागी सम्पूर्ण निवेदकहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति** : २०८२।१२।१६ गते, सोमबार
**समय** : साँझ ५:०० बजेदेखि
**स्थान** : ख्वप बहुप्राविधिक अध्ययन संस्थान, कमलविनायक

**पुनश्च** : मिति २०८२।१२।१६ गते साँझ ४:०० बजे अभिमुखीकरण कार्यक्रमसहित सुरू हुने भएकोले सो दिन साँझ ४:०० बजे नै उपस्थित भइदिनुहुन अनुरोध छ ।



## शंख बचत तथा ऋण सहकारी संस्था लि. को तपसिलमा उल्लेखित ऋणी सदस्यलाई धितो लिलामसम्बन्धी २१ दिने जरुरी सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि उपयोग गर्नुभएको कर्जा तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटक पटक मौखिक तथा लिखित रूपमा ताकेता गरिएको एवं राष्ट्रिय ‘दैनिक’ पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा पनि आलटाल गरी बेवास्ता गरी यस संस्थालाई बुझाउनुपर्ने कर्जा नबुझाई, कर्जा तथा सहकारी सुविधासम्बन्धी सर्त बन्देज उल्लङ्घन गरेकोले यस सहकारीको नाममा धितोबन्धक लेखिदिएको तपसिलको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम गर्नको लागग यो २१ दिने सूचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र रकम दाखिला हुन नआएमा कर्जा उपयोग गर्ने क्रममा यस संस्थालाई लेखाइदिएको कर्जा तमसुक सर्त कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्थाबमोजिम वा प्रचलित कानुनबमोजिम लिलामी प्रकृयाबाट संस्थाको सावाँ ब्याज तथा अन्य दस्तुर असुलउपर गरिने व्होरा यसैद्वारा जानकारी गराउँदछौँ । साथै व्यक्तिगत जमानी दिनुहुने व्यक्तिलाई समेत यसै सूचनाबाट सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको नाम/थर/ठेगाना | धन जमानीको विवरण |
|---|---|
| **नाम** : डम्बर बहादुर श्रेष्ठ<br>**सदस्यता नं.** : ०००८७०<br>**बुबा** : नर बहादुर श्रेष्ठ<br>**बाजे** : ध्वजवीर श्रेष्ठ<br>**ठेगाना** : टीकाथली-९ | **नाम** : आयुष श्रेष्ठ<br>**बुबाको नाम** : डम्बर बहादुर श्रेष्ठ<br>**बाजेको नाम** : नर बहादुर श्रेष्ठ<br>**ठेगाना** : टीकाथली-९ |

**शंख बचत तथा ऋण सहकारी संस्था लि.**
मध्यपुर थिमि-०६, भक्तपुर, फोन नं ०१-६६३८३३८


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा